"क" वर्गमा वर्गीकृत चितवनको पहिलो राष्ट्रिय दैनिक

# चितवन पोष्ट

CHITWAN POST DAILY

दैनिक समाचारपत्र

इनार इनार इनार

○ पानी कम भएमा। ○ भल पसेर माटोले पुरिएमा।
○ नालीको पानी पसेर फोहोर भएमा।
○ सुकेर पानी नै नआउने भएको इनार।

अत्याधुनिक मेसिनको प्रयोग गरी तुरुन्त इनार सफा गर्न र मिनी रिङ्ग धसाउने कार्यका लागि तपाइँ सहर-बजार र गाउँघरसम्म पनि आइपुग्यो। सम्पर्क गरी नाम टिपाएर समय लिनुहोला।

KnlDaª ;le{ ;Ü6/

भरतपुर–२, क्षेत्रपुर, चितवन

९८४५०८१६६६, ९८४५२०४९४९

ग्रुपमा काम गर्दा १०% सम्म डिस्काउन्ट गरिन्छ।

● वर्ष २६ ● अङ्क ३११ ● पूर्णाङ्क २३३१ ● २०८० जेठ २१ गते आइतबार, पूर्णिमा ● (4 June, 2023) (Website www.echitwanpost.com) ● पेज ४ ● मूल्य : ६।–

## कुसुमखोलाबाट लखेटिएका चेपाङ समुदाय

# पाँच वर्षदेखि दाताकै भरमा आश्रित

-रामशरण गैरे

माडी। माडी नगरपालिका वडा नं.७ देवेन्द्रपुरस्थित परुई खोलाकिनारमा बसेका ५५ घरधुरी चेपाङ पाँच वर्षदेखि दाताकै भरमा निर्भर छन्।

कुसुमखोला क्षेत्रबाट निकुञ्जले विस्थापित गरेपछि माडी नगरपालिकाले खोलाकिनार र सामुदायिक वन आसपासमा एक कठ्ठा क्षेत्रफल भोग–चलन गर्नेगरी सार्‍यो। २० वर्षदेखि बस्दै आएको थातथलो कुसुमखोलाबाट उनीहरू बसाइँ सर्न बाध्य भएको उनीहरूले बताए। माडी नगरले त्यसबेला पक्की घर बनाइदिनेसम्मको आश्वासन दिएको भए पनि पूरा नगरेको उनीहरूको गुनासो छ।

२०७५ सालमा माडी–७ देवेन्द्रपुरको खोलाकिनारमा आएर बसोवास गरेका कुसुमखोला छाडेर आएपछि यो ठाउँमा अलपत्रपरेको यहाँका चेपाङहरू बताउँछन्। सरकारले भन्दा विभिन्न संघसंस्थाले यिनीहरूलाई सहयोग गर्दै आएको छ।

चेपाङहरूको छाता संगठन नेपाल चेपाङ संघ, मद्धत नेपाल, ह्याबट नेपाल, नेपाल आदिवासी जनजाति महासंघ, जनजाति महिला महासंघलगायत विभिन्न सामाजिक संघसंस्थाले सचेतनामूलक कार्यक्रमदेखि दैनिक उपभोग्य सामग्री वितरण गरेर सहयोग गर्दै आएको चेपाङहरूका अगुवा छवि चेपाङले बताए।

नगरपालिकाले आफ्नो प्रतिबद्धता पूरा नगरेको बताउँदै चेपाङले खरको छानोलाई विस्थापित गरी टिनको छानो हाल्ने सरकारको योजना पनि पूरा भएको छैन। एनजीओले दिएको राहतले आफूहरूको दैनिकी चलेको उनले बताए। बस्ती सर्ने बेला तत्कालका लागि भनेर नगरपालिकाले प्रतिधरधुरी लगभग एक कट्ठा जग्गामा घर बनाउन दिएको थियो। घर बनाएर बाँकी भएको जग्गामा अहिले उनीहरूले मकैखेती लगाएका छन्। बालुवामात्रै भएकाले सोचेजस्तो बाली फल्दैन।


कुसुमखोलाबाट लखेटिएका सुकुमबासी चेपाङहरूको परुईखोलाको बस्ती

५५ घरपरिवारमध्ये अधिकांश परिवार शौचालयविहीन छन्। भएका केहीले पनि च्यातिएका कपडा तथा बोराको प्रयोग गरेर कच्ची शौचालय बनाएका छन्। राज्यले सामान्य आधारभूत आवश्यकताबाट समेत यो बस्तीलाई वञ्चित गराएको स्थानीय कमल चेपाङ बताउँछन्।

चेपाङहरूलाई गाउँमा खान लाउन समस्या छ। वनजंगल, खोला र पानीमा रमाउने यी समुदाय अहिले यो ठाउँलाई साँघुरो मानेका छन्। बस्तीमा एउटामात्रै धारा सञ्चालनमा छ। पेटभरी पानीसमेत पिउन समस्या रहेको उनले गुनासो गरे। 'काम नगरी बिहान बेलुका कसरी हातमुख जोड्ने, अनि कसरी जहान परिवार पाल्ने भन्ने चिन्ताले सताउँछ', उनी भन्छन्।

'हामीलाई यस्तो अवस्थामा सरकारले हेर्दैन, हेर्छ त खाली उही चुनावका बेला। अनि कतै सभा सम्मेलन भए भने लौलौ सबैजना जाउँ है। फलानो नेता आउँदैछन् रे, जानुपर्छ है भन्ने मात्र खबर आउँछ तर, अहिले तपाइँहरूलाई कस्तो छ, तपाईंहरूका समस्या केके छन् भन्ने कुरा कसैले गर्दैनन्, स्थानीय सीता परियारले दुःखेसो पोखिन्। 'भोगचलन गरेको जग्गा छाडेर बसाइँ सरियो, अहिले नुन, तेल, चामल जुटाउनै गाह्रो हुनथालेको छ", उनले भनिन्।

घरकै अगाडि विद्युत्को पोल गडेको छ, तार टाँगिएको छ तर, उनीहरू आर्थिक अभावले टुक्कीमै निर्भर छन्। 'बिजुलीबत्तीका लागि मिटरबक्स जडान गर्न १२/१३ हजार रुपैयाँ खर्च गर्नुपर्छ भन्छन् आफूहरूसँग त्यत्रो रकम खर्च गर्न सक्ने क्षमता छैन', स्थानीय कमला चेपाङले भनिन् 'बरु टुकी नै हाम्रो लागि ठीक छ।'

'खेतीबालीको समयमा अरूको घरमा ज्याला मजदुरी गर्न जान्छौँ', स्थानीय आनड्रेस चेपाङले भने। सिजन सकिएपछि यत्तिकै दिन बिताउन बाध्य रहेको उनको गुनासो छ।

यसअघि उनीहरूले १० देखि एक बिघासम्म कुसुमखोलाको उर्वर भूमि भोगचलन गर्दै आएका थिए। तोरी, मकै बेच्थे। वर्षभरी नुन, तेल, चामल किन्न पुग्थ्यो। अहिले आम्दानीका बाटाहरू बन्दछन्। पेट भर्ने माध्यम नभेटेपछि बाली लगाउन पुनः कुसुमखोलामै गएका छन्। कुसुमखोलामा हाल २६ घर रहेको कल्पना चेपाङले बताइन्।

चेपाङ जातिको जीवनस्तर सुधारका लागि स्थानीय सरकारको तर्फबाट आवश्यक पहल गरिएको माडीकी नगरप्रमुख ताराकुमारी काजी महतोले बताइन्। उनले आदिवासी जनजातिका धेरै कार्यक्रम संघीय सरकार आफैँले तय गरेर पठाउँदा कतिपय महत्त्वपूर्ण समस्या सम्बोधन गर्न नसकिएको बताइन।

नगरप्रमुख महतो भन्छिन्, 'हामीले कुसुमखोलाबाट ल्याएका उनीहरूलाई सुरक्षित घर बनाएर राख्न सकेका छैनौँ। त्यसकारण पनि उनीहरू फर्किन खोज्दै छन्। उनीहरूलाई व्यवस्थित बासको व्यवस्था पनि भएन र आयआर्जनसँग जोड्न पनि सकेनौँ त्यसैले उनीहरू आत्तिएजस्तो लाग्छ तर, उनीहरूकै परम्परागत सीप–अनुसारको पेसा र सुरक्षित बसोवास दिनेगरी योजना ल्याउने सोचेका छौँ', उनले भनिन्।

## उवासंघ चितवनले निकाल्यो

# नारायणीकिनारमा गाडेको फोहोर

-कुलप्रसाद काफ्ले

भरतपुर। उद्योग वाणिज्य संघ चितवनले नारायणी नदीकिनारमा गाडेको फोहोर निकालेको छ। चितवन महोत्सव आयोजना गर्नका लागि संघले नदीकिनारमा फोहोर गाडेर जमिनको सतह मिलाएको थियो। सर्वोच्च अदालतले नदीकिनारमा गाडेको फोहोर निकाल्न २०८० वैशाख ४ गते आदेश दिएको थियो।

सर्वोच्चको आदेश डेढ महिनापछि कार्यान्वनय गर्दै उवासंघले फोहोर उठाएको हो। पर्यटकीय स्थल नारायणीकिनारमा फोहोर पुरिएपछि युवा अभियन्ताहरू निरन्तर आन्दोलनमा थिए। अभियन्ताको शान्तिपूर्ण आन्दोलनलाई भरतपुर महानगरपालिका र संघले बेवास्ता गर्दै आएपछि उनीहरूले फोहोर उठाउन माग गर्दै सर्वोच्चमा रिट हालेका थिए।

सर्वोच्चका न्यायाधीश सपना प्रधान मल्ल र कुमार रेग्मीको संयुक्त इजलासले नदीकिनारमा गाडेको फोहोर निकाल्न र नदी प्रदूषित हुने कुनै पनि कार्य नगर्न अन्तरिम आदेश दिएको थियो। उद्योग वाणिज्य संघले रिट हाल्ने पक्षलाई जानकारी नै नगराई आफुखुसी फोहोर उठाएको युवा अभियन्ता इन्जिनियर सागर कार्कीले बताए। 'शनिबार फोहोर उठाउँदै गरेको देख्यौँ। हामीलाई केही जानकारी नै नदिई उठाउँदै गरिएको रहेछ', उनले भने, 'हामीले त दुई ट्रिपमात्रै उठाएको देख्यौँ।'

नदीकिनारमा गाडेको जति सबै फोहोर उठाएको कुरामा विश्वस्त हुन नसकिएको उनले बताए। ५० ट्रिप फोहोर उठाउँदै गर्दा ठूलै खाल्डो देखिनुपर्नेमा सानो खाल्डो मात्रै देखिएको उनको भनाइ छ। 'गाडेको सबै फोहोर उठाउन लगाउने भनेर समन्वय गरिरहेका छौँ। कहिलेदेखि र कति उठायो भन्ने नै हामीलाई जानकारी छैन', उनले भने।



उवासंघ चितवनका उपाध्यक्ष सिरिष पन्तले सर्वोच्चको आदेशलाई सम्मान गर्दै फोहोर उठाइएको बताए। नदीकिनारमा गाडिएको फोहोर बिहीबारदेखि उठाइएको उनले बताए। 'अदालतको आदेशलाई सम्मान गर्दै त्यसलाई उठाएर फालिएको हो। महानगरले नियमित फाल्ने ठाउँमा लगेर फालेका छौँ', उनले भने। महानगरले नगर वनमा लगेर फोहोर डम्प गर्दै आएको छ।

नारायणीकिनारमा पुस २५ गतेदेखि माघ ४ गतेसम्म महोत्सव आयोजना गरिएको थियो। नदीकिनारमा अहिले 'सी बिच' मोडलमा तटबन्ध गर्ने काम भइरहेको छ। भरतपुर महानगरपालिकाको पहलमा संघीय सरकारले नदीकिनारमा सिढिँसहितको तटबन्ध बनाएको हो।

# 'मन्त्रालयको काम नीति निर्माण गर्ने हो'

भरतपुर। बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले मन्त्रालयको काम नीति बनाउने भएकाले ठेक्कापट्टाका विषयमा ध्यान नदिने बताएका छन्। ज्येष्ठ नागरिक सङ्घ चितवनले शनिबार भरतपुरमा आयोजना गरेको बधाई तथा स्वागत कार्यक्रममा उनले ठेक्कापट्टाको काम आफू नेतृत्वको मन्त्रालयले नगर्ने बताए।

उनले भने, "मन्त्रालयको काम भनेको नीति, नियम र कानुन बनाउने हो, ठेक्कापट्टा गर्ने होईन।" आफूले अहिले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या सुधारका लागि नीतिगत काम गरिरहेको उनको भनाइ थियो। स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधानका लागि नीतिगत सुधारसँगै सेवामा समेत सुधार आवश्यक रहेको उनले बताए।

प्रदेश स्वास्थ्यमन्त्रालयले नीतिगत सुधारकै क्रममा असहाय तथा विपन्न नागरिकका लागि अस्पताललाई १० प्रतिशत निःशुल्क शय्या उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको उनले बताए। उनले भने, "प्रदेशका १३ जिल्लाका अस्पतालका लागि निर्देशन गरिएको छ। यो कार्यान्वयनमा आउँछ।" कार्यान्वयन नगर्ने अस्पताललाई कारबाही गरिने उनले जानकारी दिए।



प्रचलित मापदण्डबमोजिम अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय तथा बेवारिसे बिरामीका लागि कूल शय्याको १० प्रतिशत शय्या छुटाई निःशुल्क उपचार अनिवार्यरूपमा गराउन लागिपरेको उनले बताए।

प्रदेश सरकार जनताका पक्षमा छ भन्ने आभास हुने गरी काम गर्न लागिएको बताउँदै उनले सरकार हरेक नागरिकका पक्षमा रहने बताए। ज्येष्ठ नागरिकप्रति सरकार सधैँ सकारात्मक भएको भन्दै उनले ज्येष्ठ नागरिकबाट अहिले पुस्तान्तरणका कार्य हुन जरुरी रहेको बताए। उनले भने, "पुस्तान्तरणले हाम्रो धर्म

(बाँकी ४ पेजमा)

## चितवनको भौगोलिक विविधता

# तराईमा उखर्माउलो गर्मी, पहाडमा कम्बल ओढ्नुपर्ने चिसो

-दिपेन्द्र अधिकारी

मायाटार। चितवन भन्नेबित्तिकै आममानिसको बुझाइ तराईको वा समथर भू–भाग भएको जिल्ला भन्ने लाग्छ। तर, कमैलाई मात्र यहाँको भौगोलिक विविधताबारे ज्ञान छ। चितवन यस्तो भूभागमा छ जसको तराई भागबाट एकघन्टाको गाडी यात्रामा फरक खालको वातावरणीय मौसमको अनुभूति गर्न पाइन्छ।

तराई भागमा उखर्माउलो गर्मीले छटपटी भइरहेको बेला चितवनकै पहाडी भूगोलका मानिसहरू भने कम्मल ओढेर सुत्छन्। सुन्दा अचम्मलाग्दो छ तर, यहाँको पहाडी भूगोलमा जुन खालको चिसो हावापानी पाइन्छ, त्यसले पहिलोपटक पुगेकालाई फर्कि‍फर्कि जान लोभ्याउँछ।

उदाहरणका लागि अहिले विद्यालय बन्दको कार्यक्रमलाई लिन सकिन्छ। अत्याधिक गर्मीले जिल्लाका तराई क्षेत्रका विद्यालयहरू बन्द भएका छन्। तर, इच्छाकामना गाउँपालिकाको उच्च पहाडी क्षेत्रका विद्यालयहरू भने निरन्तर चलिरहेका छन्। यसै भूभागको कुरिनटार, मुग्लिन, फिस्लिङलगायतका क्षेत्रमा गर्मीले अत्ताएको छ। तर, माथिल्लो भेगका जनतालाई भने यो उखर्माउलो गर्मीको कुनै पर्वाह छैन।

'विद्यालय बन्द गर्नुपरेको समाचार सुनेको छु। तर, पहाडमा गर्मीको कुनै अनुभूति छैन', इच्छाकामना


मायाटारबाट देखिएको पिचबाटोसहितको चितवनको पहाडी भाग।

गाउँपालिका वडा नं–२ का वडाध्यक्ष पञ्चबहादुर चेपाङले भने। गर्मी छल्नका लागि बजार क्षेत्रबाट मानिसहरू गाडी, मोटरसाइकलमा आफ्नो क्षेत्रमा आउने गरेको उनी बताउँछन्।

'पालिकाको बजार क्षेत्रका विद्यालयहरू बन्द नै गर्ने हो कि भन्ने छलफल चलिरहेको छ, मलाई पनि फोन आएको थियो। तर, मैले पहाडमा कुनै समस्या छैन बरू वर्षाको समयमा भेलबाढी र पहिरोले पढाइ प्रभावित हुने हुँदा त्यतिखेर बिदा गरौँला भन्ने सुझाव दिएको छु, राष्ट्रिय आधारभूत विद्यालय इच्छाकामना–२, मायाटारका प्रअ पदमबहादुर प्रजाले भने।

तराईमा तातो हावा लागेको, विद्यार्थी बिरामी भएकोजस्ता समाचार सुन्दा पहाडका शिक्षक, अभिभावक र विद्यार्थीहरू अचम्मित बनेको उनी बताउँछन्।

'गर्मी भयो भनेर कुनै पनि बालबालिका वा अभिभावकले महसुस गरेको र गुनासो गरेका छैनन्', प्रअ प्रजाले भने, 'गर्मी छल्नका लागि एक/दुई घन्टाको यात्रामा यत्तिको चिसो ठाउँमा आइपुग्नु पनि आफैँमा एउटा सुविधा हो।'

गर्मी छल्नका लागि बजारबाट मानिसहरू यहाँसम्म आउने गरेको स्थानीय युवा टीका गुरुङले बताए। पिचसहितको बाटो सहज भएकाले पनि मानिसहरू निकै नै ओहोरदोहोर गर्ने गरेको भन्दै उनले आफूहरू बजार झर्दा गर्मीले आत्तिएर कतिखेर गाउँ पुगौँ हुन्छ भन्ने गरेको बताए।

तराईको गर्मी छल्नका लागि मानिसहरू पर्यटकीय क्षेत्र उपरदाङगढी पुग्ने गरेका छन्। त्यहाँबाट पनि पिचैपिचै उत्तरतर्फ अघि बढ्दा झनै चिसो अनुभूति हुन्छ। साँझपख बेगले चल्ने चिसो हावाको स्पर्शले आफूहरूमा गर्मीको कुनै अनुभूति नै नहुने टीकाको अनुभव छ। आफ्नो घरमा होटल सञ्चालन गरेर बसेका उनी भन्छन्, 'कतिपय मानिसहरू गर्मी छल्नका लागि एक/दुई दिन बस्न भने पनि आउने गरेका छन्।'

## श्रीमतीमाथि छुरा प्रहार

रत्ननगर। पूर्वी चितवनको रत्ननगरमा श्रीमान्द्वारा श्रीमतीमाथि छुरा प्रहार गरी घाइते बनाएका छन्। रत्ननगर–१५ हातेमालो टोलका राजन रेग्मीले श्रीमती अनिता रेग्मीलाई शनिबार बिहान छुरा प्रहार गरेको वडाध्यक्ष आशिक तामाङले जानकारी दिए।

अनिताको अवस्था मध्यम रहेको र उनको पुरानो मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ। लामो समयदेखि घरायसी विवादका कारण रेग्मी दम्पती सम्बन्ध विच्छेद गर्ने अवस्थामा पुगेका थिए। शुक्रबार राति श्रीमान् र श्रीमतीबीच झगडा परेको थियो।

उनीहरूका एक छोरा, दुई छोरी छन्। बिहान साढे छ बजे छोरा शौचालय गएको मौका छोपी राजनले श्रीमतीलाई छुरा प्रहार गरेको प्रहरीले जनाएको छ। श्रीमतीलाई छुरा प्रहार गरेपछि रेग्मी फरार छन्।

## १८० जनाको स्वास्थ्य परीक्षण

रत्ननगर। रत्ननगर नगर–पालिका वडा नं ७ का ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग तथा एकल महिलाहरूको शनिबार स्वास्थ्य परीक्षण गरिएको छ।

चितवन मुटु अस्पताल, लायन्स क्लब अफ चितवन मुटु र नेपाल हृदयरोग निवारण प्रतिष्ठान चितवनको सहयोगमा वडा कार्यालयले निःशुल्क स्वास्थ्य परीक्षण शिविर आयोजना गरेको वडा सचिव बासुदेव रिजालले जानकारी दिए।

समाजसेवी लोकराज भुसालको समन्वयमा आयोजना गरिएको शिविरमा १८० जनाको स्वास्थ्य परीक्षण गरी निःशुल्क औषधिसमेत वितरण गरिएको थियो। शिविरमा चितवन मुटु अस्पतालका प्रमुख वरिष्ठ मुटुरोग विशेषज्ञ डा.शंकर पौडारीको टिमले ज्येष्ठ नागरिक, अशक्त, अपाङ्ग तथा एकल महिलाहरूको स्वास्थ्य परीक्षण गरेको हो।

शिविरमा मुटुको इकोसमेत गरिएको थियो। उद्घाटन कार्यक्रममा वडाध्यक्ष सजना महतोले वडावासीको स्वास्थ्य सुरक्षाको लागि शिविर आयोजना गरिएको बताइन्। शिविरमा स्वास्थ्य परीक्षणसँगै फलफूलसमेत वितरण गरिएको वडासदस्य राजु आचार्यले जानकारी दिए।

वडास्तरीय ज्येष्ठ नागरिक मञ्चका अध्यक्ष गोविन्दप्रसाद पाण्डेको अध्यक्षतामा कार्यक्रममा भएको थियो।

# ४६६ जनाको निःशुल्क आँखा परीक्षण

भरतपुर। अधिकृत व्यवसायी संघ चितवन, भरतपुर आँखा अस्पताल, नेपाल नेत्रज्योति संघ चितवन र श्री माध्यमिक विद्यालय, इन्द्रपुरीको संयुक्त आयोजनामा शनिबार विद्यालय प्राङ्गणमा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ।

शिविरमा तीन वर्षदेखि ९२ वर्षसम्मका बालबालिका तथा वृद्धवृद्धाहरू गरी जम्मा ४६६ जनाको आँखा परीक्षण गरिएको अधिकृत व्यवसायी संघ चितवनका अध्यक्ष नारायण प्रधानले जानकारी गराए। आँखा परीक्षण गरिएकाहरूमध्ये १५५ जनालाई चश्मा वितरण गरिएको र १४ जना मोतीविन्दु भएका बिरामीहरूलाई निःशुल्क शल्यक्रियाका लागि भरतपुर आँखा अस्पतालमा रिफर गरिएको अध्यक्ष प्रधानले बताए।

भरतपुर आँखा अस्पतालका आँखा बैंक संयोजक छायाँ श्रेष्ठको सहयोगमा श्रीराम त्रिपाठी र मनोज न्यौपानेले उक्त कार्यक्रम संयोजन गरेको हुन्। संघका कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ 'राजु'ले चश्मा तथा अन्य मेडिकल सामग्री सौजन्य गरेका थिए।

कार्यक्रममा संघका पूर्वअध्यक्ष प्रद्युम्न सापकोटा, निवर्तमान अध्यक्ष रवि श्रेष्ठ, उपाध्यक्ष रामजी घिमिरे, महासचिव मनोज रौनियार, कोषाध्यक्ष शम्भुलाल श्रेष्ठ 'राजु', सचिव कुलप्रसाद अधिकारी, सदस्यहरू उद्धवप्रसाद अधिकारी, निर्मल ढकाल, निरेशकुमार सिंहलगायत आयुष पौडेल, सुभाष सापकोटा, मनिषा पौडेल, सृष्टि पौडेल, श्रीकान्त अधिकारीको उपस्थिति रहेको थियो।

# प्राचीन पोखरीमा आधुनिक पार्कको योजना

## भ्रमण वर्षको लागि प्रमुख गन्तव्य

-तुलमान गुरुङ

भरतपुर। पटिहानीस्थित कमल–पोखरी यहाँका स्थानीय थारू समुदायसँग सम्बन्धित प्राचीन पोखरी हो। कुनै समय थारू गाउँमा भोजभतेर गर्नुपरेमा गुरौले पूजापाठ गरेपछि यही पोखरीबाट सुनको डुङ्गामा विभिन्न खालका भाँडाकुँडा निस्कन्थ्यो भन्ने कथ्य जीवित नै छ। त्यसैले बेलाबेलामा यहाँका थारूहरूले पोखरीमा पूजासमेत गर्थे। तर, त्यही पोखरीलाई अहिले व्यावसायिक पर्यटकीय गन्तव्य बनाउन स्थानीय सरकार लागेको छ। सदियौँदेखि कमल फुल्दै आएको पोखरीलाई आधुनिक बनाउन कंक्रिटको संरचना निर्माण थालिएको छ।

भरतपुर–२२ का वडाअध्यक्ष विष्णुराज महतोका अनुसार दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी साढे चार करोड रुपैयाँको लागतमा डिपिआर तयार भएको छ। अहिले डिपिआरअनुसार जगमा बसाल्ने काम भइरहेको छ। 'पोखरीमा पानी आउनुपूर्व हात्तीपाइले राखेर पानीको भागभन्दा माथिसम्म आउने गरी



पिल्लर ठड्याउन सकिन्छ कि भन्ने लागेको छ,' उनले भने, 'यसवर्ष वडाले छुट्याएको ५३ लाख २८ हजार रुपैयाँ लागतमा काम भइरहेको छ।'

पोखरीमा कमलकै आकारमा संरचना निर्माण गर्न लागेको उनले बताए।

'कमलपोखरी पार्क' नाममा निर्माणाधीन पार्कमा पानीको बीच भागमा दुईतिरबाट पुल निर्माण गर्ने उनले बताए। 'पुल, बालबालिकाको लागि किन्डरगार्डेनजस्ता संरचनालाई प्राथमिकतामा राखेका छौँ,' उनले भने, 'पोखरीलाई पहिलेकै अवस्थामा राख्न नसकिए पनि वर्षमा नौ महिना कमल फुलाएर पर्यटक तान्न सक्छौं।' आउने वर्ष भरतपुर महानगरपालिकाले भ्रमण वर्षको रूपमा काम गर्ने तयारी गरेको हुँदा त्यसअघि नै निर्माण सम्पन्न गरी भरतपुर महानगरपालिकाभित्रको भ्रमण गर्न योग्य स्थान बनाउने योजना रहेको उनले बताए। तर, वडाको बजेटले नधान्ने हुँदा महानगरपालिका, प्रदेश र संघीय सरकारसँग पनि बजेट माग गरेको उनले बताए। करिब तीन विगाह क्षेत्रफल रहेको कमलपोखरीको जलाशयले मात्रै करिब एक विगाह क्षेत्रफल ओगटेको छ।

पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष माधव आचार्यका अनुसार पोखरीको पुरानो स्वरूपलाई नभत्किने गरी आधुनिक डिजाइन दिन खोजिएको हो। 'हामीले पोखरीको पुरानो संरचनालाई असर नपर्ने गरी वर्तमान समयअनुसार आधुनिकतामा ढल्काउन खोजिएको

(बाँकी ४ पेजमा)

अर्याल बन्धु समाज, चितवनको गैंडू पूजासम्बन्धी सूचना

यस अर्याल बन्धु समाज चितवनको गैंडू पूजा मिति २०८०।०२।२१ गते आइतबार हुने भएकोले सम्पूर्ण चितवन, नवलपरासी, धादिङ, तनहुँलगायत आसपासका जिल्लाहरुका सम्पूर्ण अर्याल बन्धुहरुलाई यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

स्थान : भरतपुर–११, मृगाकुञ्जटोल, चितवन

समय : बिहान ८:०० बजे

उपाध्यक्ष

अर्याल बन्धु समाज, चितवन

भरतपुर, चितवन

जानकारीका लागि मात्र : ९८५५०५१३१०, ९८५५०५१०९२

5 lbg afSL

'मातृभाषाको जगेर्ना गरौं। सहभागी होऔं, सफल पारौं।'

तामाङ पत्रकार संघ

द्वारा आयोजित

तामाङ भाषा प्रशिक्षण

अन्तिम दर्ता मिति : २२ गतेसम्म।

स्थान : पत्रकार महासंघको सभाहल।

स्टार्स मन्टेश्वरी एकेडेमी

Star's Montessori Academy

चितवन

भरतपुर ११, मालपोत चोक

056-490037, 9855061037

पोखरा

पलिखेचोक

061-575135, 9856028978

www.facebook.com/sma.edu.np www.sma.edu.np

# भरतपुर–३ का स्वास्थ्य स्वयंसेविका सम्मानित

भरतपुर । भरतपुर महानगरपालिका वडा नं ३ को कार्यालयले वडास्तरमा काम गरिरहेका तीन जना स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरेको छ । सम्मानित हुनेहरूमा स्वास्थ्य स्वयंसेविका सपना तिमिल्सिना, सपना दर्लामी र सावित्री श्रेष्ठ रहेका छन् ।



भरतपुर महानगरपालिका वडा नं ३ को कार्यालयले माडी–८ शिवद्वार (मगर होमस्टे) मा गरेको टोल विकास संस्थाका पदाधिकारीहरूलाई टोल विकास संस्थाको विधान र क्षमता विकाससम्बन्धी २ दिने कार्यशाला गोष्ठीमा स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्मान गरेको हो ।

वडाका अध्यक्ष विकास थापाले वडाभित्र रहेका प्रत्येक टोलका दुई जना प्रतिनिधिहरूलाई टोलको विधान, संसदीय बैठक प्रणाली र वातावरण तथा सरसफाइबारे प्रशिक्षण दिन कार्यशाला गोष्ठीको आयोजना गरेको बताए ।

कार्यक्रममा प्रमुख अतिथि रहेका वडाध्यक्ष थापाले कार्यक्रममा टोलका प्रतिनिधिबाट आगामी वर्षको वडाको योजना र त्यसमा लाग्ने बजेटको विषयमा पनि सुझाव संकलन गरेको बताए । उनले भने, 'गत वर्षको वडाको विकासबारे समीक्षा र भावी कार्ययोजनाको विषयमा पनि व्यापक छलफल गरियो ।'

उनले आगामी दुई वर्षभित्रमा वडालाई वातावरणमैत्री तथा सरसफाइयुक्त वडा घोषणा गरिने बताए । बालमैत्री वडा निर्माणको अभियान सुरु गरिने, लागूपदार्थ दुर्व्यसनी न्यूनीकरणका कार्यक्रमहरू चलाउने, अर्गानिक कौसीखेतीदेखि बालबालिकालाई पोषणयुक्त खानपानको कार्यक्रम वडाले अघि बढाउने बताए ।

कार्यक्रममा वडा सदस्य तथा वातावरण तथा सरसफाइयुक्त वडा निर्माणका लागि बनाइएको मूल समितिका संयोजक माधव अर्यालले टोलले गरेको हालसम्मका योजना प्रस्तुत गर्दै भावी कार्यक्रमबारे सुझाव संकलन गरेका थिए । वडाले नयाँनयाँ कार्यक्रम गरिरहेको उनको भनाइ थियो । कार्यक्रममा वडा सचिव प्रकाश रेग्मीले विगत एक वर्षमा वडाले गरेका कामहरूको विवरण प्रस्तुत गरेका थिए । सदस्यहरू रामबहादुर लोहनी र कमलादेवी बोलखेले सहजीकरण गरेका थिए ।

कार्यक्रममा तीन प्रशिक्षकहरूले विभिन्न विषयमा ६० जनाभन्दा बढी सहभागीहरूलाई प्रशिक्षण दिएका थिए । वातावरण तथा सरसफाइको विषयमा वातावरणविद् नारायणप्रसाद दवाडीले प्रशिक्षण दिएका थिए । यस्तै, संसदीय बैठक प्रणालीको विषयमा नेपाल जेसीजका पूर्वराष्ट्रिय उपाध्यक्ष तथा प्रशिक्षक अर्जुन अधिकारी र टोल विकास संस्थाको कार्यविधि तथा गठन प्रक्रियाको विषयमा भरतपुर महानगर गैसस समन्वय समिति शाखाका प्रमुख सुकदेव अर्यालले प्रशिक्षण दिएका थिए ।

यस्तै, कार्यक्रममा वडास्तरीय टोल विकास समन्वय समिति गठन गरिएको थियो । वडाध्यक्ष विकास थापाको संयोजकत्वमा नौ सदस्यीय समिति गठन भएको छ । समितिको सदस्य सचिवमा वडा सचिव प्रकाश रेग्मी रहेका छन् ।

सदस्यहरूमा जनप्रतिनिधिहरू माधव अर्याल, रामबहादुर लोहनी, कमलादेवी बोलखे, सुकमाया परियार रहेका छन् । यस्तै सदस्यमा भरतबहादुर थापा राजु (हरियाली टोल), सुनिता न्यूरे (चौतारी) र शोभखर चापागाईं (आनन्दनगर) पनि रहेका छन् ।

# कविता गोष्ठीमा निबन्ध विशेषाङ्क विमोचन

रत्ननगर । वाल्मीकि साहित्य सदन रत्ननगरले प्रकाशन गरेको सम्प्रेषण निबन्ध विशेषाङ्क शनिबार विमोचन गरिएको छ । रत्ननगर वाङ्मय परिषद्ले आयोजना गरेको कविता गोष्ठीमा निबन्ध विशेषाङ्क विमोचन गरिएको हो ।

रत्ननगर नगरपालिकाका मेयर प्रल्हाद सापकोटा र रत्ननगर वाङ्मय परिषद्का अध्यक्ष रामबाबु घिमिरेले संयुक्तरूपमा सो निबन्ध विशेषाङ्कको विमोचन गरेका हुन् । निबन्ध विशेषाङ्कमाथि प्रकाश पार्दै समालोचक उदय अधिकारीले विशेषाङ्कमा निबन्धसहित ६४ वटा रचना प्रकाशन भएको र ३० वटा चितवनका लेखकहरूको निबन्ध तथा रचना रहेको उल्लेख गरे ।

विशेषाङ्कमा चितवनको विशेषता–लाई प्राथमिकता दिइएको भन्दै रत्ननगरबाट प्रकाशित भएको भए पनि यो चितवनको सम्पत्तिको रूपमा बनेको बताए । 'निबन्ध विशेषाङ्क उत्कृष्ट बनेको छ', उनले भने, 'यो रत्ननगरको मात्र होइन, चितवनकै सम्पत्ति हो ।'

कार्यक्रममा चितवनका स्थापित कवि तथा साहित्यकारहरूले कविता वाचन गरेका छन् । कवि तथा साहित्यकारहरूले कवितामार्फत देशको अवस्थालाई चित्रण गरेका छन् । मुलुकमा बढ्दै गरेको भ्रष्टाचारसँगै राजनीतिक विकृतिका बारेमा कवि तथा साहित्यकारहरूले सरकारलाई सचेत गराएका छन् ।

कार्यक्रममा वरिष्ठ साहित्यकार केशवराज आमोदी, रत्ननगर वाङ्मय परिषद्का सदस्यहरू तिलकराज शर्मा, धनराज गिरीसहित कवि तथा साहित्यकार राजेन्द्र घायल, प्रकाश चापागाईं, डा.कृष्ण पौडेल, चिरञ्जीवी दाहाल, गणेश पौडेल, श्यामजी अतिथि, मोदनाथ मरहठ्ठा, होमनाथ घिमिरे, किसान प्रेमी, विष्णु शर्मा, अशोक भुसाललगायतले कविता वाचन गरेका थिए ।

सो अवसरमा मेयर सापकोटाले रत्ननगरको विकासको लागि कवि तथा साहित्यकारको भूमिका रहने भन्दै रचनात्मक सुझावको अपेक्षा गरेको बताए । सामाजिक रूपान्तरणको लागि साहित्यको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ ।

कार्यक्रममा चितवन साहित्य परिषद्का सल्लाहकार जगन्नाथ पण्डित, भरतपुर वाङ्मय परिषद्का अध्यक्ष इन्द्र रेग्मी, रत्ननगर नगरपालिकाका विज्ञ सल्लाहकार रामहरि न्यौपानेलगायतले मन्तव्य राखेका थिए ।

रत्ननगर वाङ्मय परिषद्का अध्यक्ष रामबाबु घिमिरेको अध्यक्षतामा भएको कार्यक्रम वाल्मीकि साहित्य सदनका सचिव तथा रत्ननगर वाङ्मय परिषद्का सदस्य विश्वनाथ खनालले सञ्चालन गरेका थिए ।

# हिंसा न्यूनीकरण गर्न कानुनी परामर्श

रत्ननगर । श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति चितवनको आयोजनामा रत्ननगर–१२ जिरौनामा कानुनी परामर्श तालिम दिइएको छ । वडा नं ११ को आर्थिक सहयोगमा आयोजित तालिमको रत्ननगर नगरपालिकाका मेयर प्रल्हाद सापकोटाले उद्घाटन गरेका छन् ।

सो अवसरमा उनले रत्ननगर लैङ्गिक हिंसामुक्त नगर बनाउन आफ्नो पहल रहने बताए । 'रत्ननगरमा कोही पनि हिंसामा पर्न हुँदैन', उनले भने, 'त्यसको लागि नगरपालिकाले योजना बनाएरै काम गर्न सुरु गरिसकेको छ ।'

हिंसामा परेकोहरूको न्यायको लागि रत्ननगरमा मेलमिलाप केन्द्र र न्यायिक समिति क्रियाशील रहेको भन्दै मेयर सापकोटाले न्यायको लागि अवलम्बन गर्ने बाटो सहज रहेको उल्लेख गरे ।

श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति चितवनकी अध्यक्ष शोभा ओली शर्माले लैङ्गिक हिंसा न्यूनीकरण, बालयौन हिंसा तथा सामाजिक रूपान्तरणको लागि बाइजुराज महिला समितिले अर्थपूर्णरूपमा काम गरिरहेको बताइन् ।

अधिवक्ता फूलमाया रानाभाटले सहजीकरण गरेको सो कार्यक्रममा गण्डकी/लुम्बिनी प्रदेशका संयोजक युवराज बरालले बाइजुराजले गरेको कार्यको प्रशंसा गर्दै आध्यात्मको बाटोबाट सामाजिक रूपान्तरण सहज रहेको बताए ।

कार्यक्रममा वडा नं ११ का वडाध्यक्ष श्यामकुमार श्रेष्ठ, १२ का वडाध्यक्ष सुन्दरमणि सुवेदी, सेवा समितिका सल्लाहकार समितिका सदस्य तथा धर्मधाम जिरौनाका पूर्वअध्यक्ष तिलकराज शर्मा, सेवा समितिका केन्द्रीय सदस्य तथा धर्मधाम जिरौनाका पूर्वअध्यक्ष श्याम बराल, बाइजुराजकी केन्द्रीय सदस्य अनिता पौडेल मन्तव्य राखेका थिए ।

श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति चितवनकी अध्यक्ष शोभा ओली शर्माको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य भीमा थापाले स्वागत मन्तव्य राखेकी थिइन् । समितिकी सचिव सम्झना अधिकारीले सञ्चालन गरेको सो कार्यक्रममा धर्मधाम जिरौनाका अध्यक्ष दीपकचन्द्र शर्माको समेत उपस्थिति रहेको थियो ।

# कालिका वनको अध्यक्षमा चार जनाको उमेदवारी

राप्ती । राप्ती नगरपालिका वडा नं–८ स्थित कालिका सामुदायिक वन उपभोक्ता समूहको नयाँ नेतृत्व चयनका लागि यही जेठ २८ गते मतदान हुँदैछ । नयाँ कार्यसमिति चयनका लागि उमेदवारी दर्ता भएर अन्तिम नामावली प्रकाशितसमेत भइसकेको छ ।

अध्यक्षका लागि चार जनाको उमेदवारी परेको छ । वर्तमान कार्यसमिति अध्यक्ष माधव गिरीसहित चार जनाको उमेदवारी परेको हो । निर्वाचन समिति संयोजक राजकुमार कँडेलका अनुसार अध्यक्षका लागि गिरीसहित रामपुकार पाठक, अर्जुन प्रजा र श्यामकुमार चौधरीले उमेदवारी दर्ता गरेका हुन् ।

एक उपाध्यक्षका लागि दुई जनाको उमेदवारी परेको छ । उपाध्यक्षमा सिएनकुमार चौधरी र सक्कली बिकले उमेदवारी दिएका छन् । सचिवमा तीन जनाको उमेदवारी परेको छ । सन्तोषी बास्कोटा सेढाईं, प्रकाश उप्रेती र प्रेमबहादुर तामाङले उमेदवारी दर्ता गराएको निर्वाचन समिति संयोजक कँडेलले बताए ।

एक सहसचिवका लागि शिवराज धरेल र धनवीर चौधरी तथा कोषाध्यक्षका लागि हरिमाया तामाङ र मायादेवी जैसीको उमेदवारी परेको छ । १० जना सदस्यका लागि १५ जनाको उमेदवारी परेको छ । निर्वाचन तालिकाअनुसार आइतबार निर्वाचन चिह्न प्रदान गरिने निर्वाचन समिति संयोजक कँडेलले जानकारी दिए ।

*'मन्त्रालयको ....*

संस्कृति संरक्षण गर्ने भएकाले यसको पक्षमा सरकार हुनेछ ।"

कार्यक्रममा भूमि आयोग चितवनका अध्यक्ष बद्रिप्रसाद तिमिल्सिना, राम–जानकी आश्रमका महासचिव रामेश्वर खनाल, सङ्घका अध्यक्ष केदारनाथ तिमिल्सिना र उपाध्यक्ष माधव घिमिरेले ज्येष्ठ नागरिकका समस्याका बारेमा बोलेका थिए ।

### अक्षयकोषमा एकलाख दिने घोषणा

बागमती प्रदेशका स्वास्थ्यमन्त्री जोशीले ज्येष्ठ नागरिक संघ चितवनले स्थापना गर्न लागेको अक्षयकोषमा रु एक लाख सहयोग गर्नुहुने भएको छ । संघले सो अवसरमा मन्त्री जोशीले आफ्ना बुबाआमाको नाममा सो रकम सहयोग गर्ने घोषणा गरेका हुन् ।

संघले रु एक करोडबराबरको अक्षय–कोष स्थापना गरी ज्येष्ठ नागरिकको सेवामा सञ्चालन गर्ने जनाएको छ । कार्यक्रममा संघका अध्यक्ष केदारनाथ तिमिल्सिनाले ज्येष्ठ नागरिकको स्वास्थ्यमा सरकारले ध्यान दिनुपर्ने बताए । वृद्ध अवस्थाका नागरिकहरूको सुरक्षा र स्वास्थ्यमा राज्य गम्भीर बन्न नसकेको उनको भनाइ थियो ।

कार्यक्रममा स्वास्थ्यमन्त्री जोशीले प्रदेश सरकारले जनताको पक्षमा छ भन्ने देखिनेगरी काम गर्ने बताए । 'हरेक नागरिकको समस्यामा सरकार भएको अनुभूति हुनेगरी काम गर्छौं', उनले भने ।


**यी विशेष सामानहरू यहाँ पाइन्छ**

●ड्रागन फ्रुट लगाउने पोलहरू ।
(क्रस रड र टायरसमेत)
●गेटको पिलरमा लगाउने मन्दिर
(दक्ष आर्किटेकद्वारा डिजाइन गरिएका)

**कान्तिपुर हार्डवेयर**
भरतपुर–११, युटेक कलेजचोक
०५६-५९६६१५, ४२११८२,
९८४६७१३५४६, ९८४६७१३५४७

**चालु अवस्थाको होटल बिक्रीमा**

अत्यन्त चालु अवस्थाको प्राइम लोकेसनमा रहेको **अन्नपूर्ण गेष्ट हाउस एण्ड रेष्टुरेन्ट** बिक्रीमा छ । इच्छुकले तु. सम्पर्क गर्नुहोला ।
स्थान : पुलचोक, नारायणगढ
सम्पर्क :
९८४५०५४७४३
९८४५४१५०७३

lrtjgd]klxnf]k6s/saf/

चितवनमै पहिलो पटक हप्तामा तीन पटक लाइभ म्यूजिक र डिजेको साथमा स्वादिष्ट खाना, बियरबार, ठूलो पर्दामा फुटबल, क्रिकेट, स्नुकर खेल्न मिल्ने एक मात्र स्थान ।

मेन्यु बाहेक तपाईंको रोजाइ र स्वादअनुसारको खाना पनि बनाइन्छ ।

Pipe Line Game & Restro
Narayangarh, Pulchowk, Gangotri Marga


# छ किसान संगठनको आपत्ति

भरतपुर । भारतको नयाँ संसद् भवनको भित्तामा विश्वसम्पदा सूचीमा समावेश भएका नेपालका प्रशिद्ध तथा ऐतिहासिक तीर्थस्थलहरू लुम्बिनी र कपिलवस्तुसमेत समेटिएको 'अखण्ड भारत' नामको भित्ते चित्र (मुरल) अंकित गरेको भन्दै ६ कम्युनिस्ट पार्टीनिकट किसान संगठनले आपत्ति जनाएका छन् ।

किसान संगठनहरूले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै भारत सरकारको सो कदमले नेपालको सार्वभौमिक अखण्डता, राष्ट्रिय स्वाधीनता तथा नेपालको स्वाभिमानमाथि अपूर्व आँच पुऱ्याएकाले घोर आपत्ति जनाएका हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'हामी भारत सरकारलाई त्यो भित्तेचित्रबाट नेपालका गौरवमय स्थलहरू लुम्बिनी र कपिलवस्तुसहितको नेपाली भूमि तत्काल हटाई नेपालको सार्वभौमिक अखण्डता, स्वाधीनता र स्वतन्त्रताको सम्मान गर्न जोडदार माग गर्दछौं ।'

यस विषयमा आफ्नो प्रष्ट दृष्टिकोण जनसमक्ष सार्वजनिक गर्न र देशको सार्वभौमिक अखण्डता, राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको रक्षा गर्ने दृढता प्रदर्शन गर्नसमेत किसान संगठनहरूले सरकारसमक्ष जोडदार माग गरेका छन् ।

विज्ञप्ति जारी गर्नेमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) का अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बाँस्कोटा, अखिल नेपाल किसान महासंघ (अप्फा) का अध्यक्ष भैरवराज रेग्मी, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का अध्यक्ष सीताराम तामाङ, अखिल नेपाल किसान युनियनका इन्चार्ज लोकनारायण सुवेदी र अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष दुर्गाप्रसाद जैसी रहेका छन् ।

# वनका उपभोक्तालाई बाख्रापालन तालिम

रत्ननगर । सौराहानजिक रहेको बाघमारा मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरूलाई आधुनिक बाख्रापालन तालिम दिइएको छ । डालेघाँसप्रतिको निर्भरता हटाउन ३९ जना उपभोक्तालाई आधुनिक बाख्रापालन तालिम दिइएको वनका अध्यक्ष जीतु तामाङले जानकारी दिए ।

उपभोक्ताहरूमा वनप्रतिको निर्भरता हटाउँदै सीप विकासमार्फत आय–आर्जनको लागि तालिम आयोजना गरिएको उनको भनाइ छ । समापन कार्यक्रममा वडा नं ६ का वडाध्यक्ष किरण महतो र चितवन निकुञ्जका सौराहा सेक्टर प्रमुख सरोजमणि पौडेलले सहभागीहरूलाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।

सो अवसरमा पौडेलले संरक्षण र जीविकोपार्जनमा बाघमारा वनले उदाहरणीय काम गरेको बताए । वडाध्यक्ष चौधरीले पर्यापर्यटनलाई मुख्य आम्दानीको स्रोत बनाएको बाघमारा वनले देखाएको उपभोक्ताप्रतिको चासोलाई स्थानीय सरकारले सकारात्मक रूपमा लिएको बताए ।

वरिष्ठ वैज्ञानिक देवीप्रसाद अधिकारीले आधुनिक बाख्रापालनको लागि घरमै दाना तथा घाँस उत्पादन, बाख्राको खोर व्यवस्थापन तथा स्वास्थ्यसम्बन्धी विषयहरू सिकाएका छन् ।

# मुक्ति समाज चितवनको अध्यक्षमा पुनः मिनबहादुर

भरतपुर । नेपाल उत्पीडित जातीय मुक्ति समाज चितवनको सातौँ जिल्ला सम्मेलनबाट अध्यक्षमा पुनः मिनबहादुर परियार सर्वसम्मतरूपमा चयन भएका छन् ।

अध्यक्ष परियारको नेतृत्वमा ५१ सदस्यीय जिल्ला कमिटी सर्वसम्मत–रूपमा चयन भएको हो । कमिटीको उपाध्यक्षमा दीपकसिं परियार, धनकुमारी विश्वकर्मा, सचिवमा आइत–राम विश्वकर्मा, सहसचिवमा डिलबहादुर गायक, एकराज गायक र कोषाध्यक्षमा श्याम मालबुलगायत रहेका छन् ।

नवनिर्वाचित जिल्ला कमिटीलाई संविधानसभा सदस्य एवम् नेकपा एमालेका केन्द्रीय सदस्य शिवकुमारी गोतामेले शपथग्रहण गराएकी थिइन् ।

मुक्ति समाज चितवन अध्यक्ष मिनबहादुर परियारको अध्यक्षतामा सम्पन्न सम्मेलनमा मुक्ति समाजका केन्द्रीय अध्यक्ष मनोहर पौडेल विश्वकर्माको प्रमुख आतिथ्यता रहेको थियो ।

# चितवन प्युठान सम्पर्क मञ्चमा भण्डारी

भरतपुर । चितवन (स्वर्गद्वारी) प्युठान सम्पर्क मञ्च भरतपुरको दोस्रो साधारण सभा तथा प्रथम अधिवेशनले १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।

मीनराज भण्डारीको अध्यक्षतामा गठित समितिको उपाध्यक्षमा शारदा पोखेल लम्साल, सचिवमा पशुपतिलाल श्रेष्ठ, कोषाध्यक्षमा गोमा श्रेष्ठ र सहसचिवमा वामदेव पण्डित रहेका छन् ।

यस्तै, सदस्यहरूमा दिनेश श्रेष्ठ (पासा), गंगाराज पोखरेल, रोहवर विष्ट, गोविन्द गिरी, मनोहरप्रसाद श्रेष्ठ, कमला आचार्य, राम कालाथोकी र प्रतीक्षा पाठक रहेका छन् ।

# बाह्रघरेमा सामूहिक सरसफाइ

भरतपुर । भरतपुर महानगर–पालिका वडा नं–३, बाह्रघरेमा 'आफ्नो टोल आफैँ बनाऔँ उज्यालो : सफा सुन्दर टोल हाम्रो हातेमालो' भन्ने अभियान शनिबारदेखि सुरु भएको छ ।

अभियान सुरु भएसँगै अबदेखि हरेक शनिबार बिहान ७ बजेदेखि ८ बजेसम्म सरसफाइ गर्ने, टोलकै सहकार्यमा सडक बत्ती राख्नेलगायतका सामूहिक कार्य गरिने टोलवासी सुनिल कुँवरले जानकारी दिए ।

बाह्रघरे टोलवासीले शनिबार टोलवरपर सामूहिक सरसफाइ कार्यक्रम सञ्चालन गरेका थिए ।

*प्राचीन .....*

मात्रै हो,' उनले भने, 'यसलाई व्यावसायिकरूपमा अगाडि बढाउन खोजिएको हो ।' नजिकै रहेको अम्ब्रेला स्ट्रिटसँग जोड्नको लागि कमलपोखरीले महत्त्वपूर्ण भूमिका खेल्ने उनले बताए । 'हामीले कवर्ड हल, थारू सङ्ग्रहालयजस्ता खेलकुद र संस्कृतिसँग पनि कमलपोखरीलाई जोड्न सकिन्छ,' उनले थपे ।

उनका अनुसार थारू समुदाय र थारू जातिको पहिचानसँग जोडिएको स्थान भएकोले भेगुवा लगाएको थारूको मूर्तिसमेत निर्माण गरिनेछ । 'त्यसले यो ठाउँलाई भूमिपुत्रको ठाउँ भनेर पनि चिनाउँछ,' उनले भने,' हाम्रो उद्देश्य भनेकै यहाँको पुरानो संस्कृति र पहिचान जोगाउनु पनि हो ।' कमल फुलेर ढकमक्क छोपिने पोखरीमा यहाँका थारू जातिले हिजोआज भने पूजा गर्न छाडिसकेका छन् ।

**ट्राफिक नियमको पालना गरौं ।**
**सम्भावित दुर्घटनाबाट बचौं ।**


**SEX TOYS SHOP CHITWAN**
Bharatpur-10, Saptagandaki Chowk, Chitwan
9845051519
9808787792
9807179653
ljleGg kþsf/sf s08dx?, ;$;6fþx?, :tg÷lnË a9fpg]kDkx?,
nla;$6x? cflb rflxPdf
xfdLnfO{;DemgxfF .
We Sell,Courier and Deliver Sex Toys,
Condoms, Enlarger and Many more...

QFX JALMA
मा भव्यरूपमा चलिरहेको छ ।
NOW SHOWING

| | | | | |
|---|---|---|---|---|
| Jaari | - | 12:15PM | - | - |
| Fast X | - | - | 3:15PM | - |
| Zara Hatke Zara Bachke | | | - | 6:30PM |
| Spider Man Across the Spider | | | 12:00PM | 6:15PM |
| 2018 Every one is a Hero | | | 3:30PM | - |

50% discount on every morning shows
For advance booking 056-512079

इन्द्रदेव सिनेमा
इन्द्रदेवमार्ग, नारायणगढमा चलिरहेको छ ।
kmf:6 PS; -IxGbL
!@M!% #M!% ^M!%
स-परिवार अवश्य हेर्नुहोला । अग्रिम टिकट बुकिङका लागि ०५६-४९०३८४
हरेक मर्निङ शोमा ५० प्रतिशत छुट गरिएको छ ।


# विपन्न एकल महिलालाई बाख्रा वितरण

रत्ननगर । पूर्वी चितवनको कालिका नगरपालिकाले नगरभित्रका विपन्न एकल महिलालाई प्रजननयोग्य बाख्राको पाठी वितरण गरेको छ ।

आयआर्जनमार्फत आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यले नगरभित्रका ४४ जना महिलाहरूलाई जनही एकएकवटा पाठी वितरण गरिएको हो । कालिकाका मेयर विनोद रेग्मी, उपमेयर विमला तामाङ, प्रमुख प्रशासकीय अधिकृत केशवप्रसाद उपाध्यायले संयुक्तरूपमा बाख्रा हस्तान्तरण गरेका थिए ।

विपन्न एकल महिलाहरूको छनोटगरी सो नगरपालिकाले तीनदिने बाख्रापालन तालिम दिएर व्यावसायिकरूपमा बाख्रापालनको सुरुवातको लागि बीउपुँजीका रूपमा प्रजननयोग्य पाठी वितरण गरेको हो । सो अवसरमा मेयर रेग्मीले नगरभित्रका एक हजार बढी एकल महिलाबाट विपन्नको पहिचानगरी बाख्रा वितरण गरिएको बताए ।

उपमेयर तामाङले आर्थिक अवस्था कमजोर भएका महिलाको सीप विकास मार्फत आयआर्जनका लागि तालिम दिएर बाख्राको पाठी वितरण गरिएको बताइन् । प्रमुख प्रशासकीय अधिकृत उपाध्यायले बाख्रापालन व्यावसायिकरूपमा अगाडि बढाउनेलाई गोठ व्यवस्थापनमा समेत सहयोग गर्ने बताए ।

उपमेयर तामाङको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास समितिका संयोजक मकरमान श्रेष्ठ, नगरस्तरीय एकल महिला समन्वय समितिकी अध्यक्ष राधिका अर्याल, सूचना अधिकारी प्रकाश पौडेललगायतले मन्तव्य राखेका थिए ।

## ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको धितोमा रहेको अचल सम्पत्ति (घर/जग्गा) गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

*(प्रकाशित मिति : २०८०/०२/२२)*

यस ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको गैंडाकोट शाखा कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शीर्षकअन्तर्गत विभिन्न कर्जा लिई उपभोग गर्नुभएको र निज ऋणीहरूले बैंकसँग भए गरेको सम्झौताअनुसार तोकिएको समयमा कर्जा नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटकपटक मौखिक तथा लिखितरूपमा तरताकेता गर्दासमेत कर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नुभएकाले विभिन्न मितिहरूमा कर्जा चुक्ता भुक्तान गर्न आउनु भनी विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरूमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ताहरू र व्यक्तिगत धन जमानीकर्ताहरू समेतलाई सूचित गर्दा समेत कर्जाहरूको साँवा, ब्याज, हर्जना ब्याज तथा अन्य दै–दस्तुरसमेत चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले उपरोक्त कर्जाहरूको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्तिहरू (घर/जग्गा) जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानुनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्नका लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्रीसम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ, धितोमा रहेको चल/अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रमार्फत खरिद गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ–संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन)को कार्यालय समायभित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्तहरूको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको शाखा कार्यालय, गैंडाकोट न.पा.–०५, नवलपुरमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपशिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्रीबाट बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत धनजमानी दिनेको तीन पुस्ते नामावली विवरण | धितोको विवरण |
|---|---|---|
| १. | **कर्जा शीर्षक : व्यापार आवधिक कर्जा (महिला उधमशिल कर्जा ब्याज अनुदान)**<br>ऋणीको नाम : **मल्ल कृषि तथा पशुपक्षी फर्म**<br>प्रोपाइटरको नाम, थर : लिला देवी क्षेत्री<br>दर्ता न : १३४/०७८/०७९<br>दर्ता गर्ने निकाय : गैंडाकोट नगरपालिकाको कार्यालय नवलपरासी (बर्दघाट– सुस्तापूर्व नवलपुर)<br>दर्ता मिति : २०७८/०४/०७<br>स्थायी लेखा नं : ६१६०९८९३६<br>रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला,गैडाकोट न.पा. वडा नं.१३<br>**कर्जा शीर्षक : व्यक्तिगत ओभरड्राफट् कर्जा**<br>ऋणीको नाम : तारा बहादुर मल्ल<br>नागरिकता प्र.नं : ९८८२<br>जारी मिति :२०५५/०७/११<br>बाबु : निम बहादुर मल्ल<br>बाजे : केशर बहादुर मल्ल<br>ठेगाना : नवलपरासी जिल्ला,गैडाकोट न.पा. वडा नं.१३<br>**व्यक्तिगत धनजमानी दिने**<br>१) नामः **लिला देवी क्षेत्री**<br>नागरिकता प्र.नं. : १९०१४<br>जारी मिति : (२०५७/०८/१२)<br>पति : तारा बहादुर मल्ल<br>ससुरा : निम बहादुर मल्ल<br>ठेगाना : ठेगाना : नवलपरासी जिल्ला,गैडाकोट न.पा. वडा नं.१३<br>२) नाम : **रिता मल्ल**<br>नागरिकता प्र.नं. : ३६३००६।८१<br>जारी मिति : २०६३/१०/१५<br>पति : ढाल बहादुर मल्ल<br>ससुरा : निम बहादुर मल्ल<br>ठेगाना : नवलपरासी जिल्ला,गैडाकोट न.पा. वडा नं.१३<br>३) नामः **ढाल बहादुर मल्ल**<br>नागरिकता प्र.नं.: ३७६४७<br>जारी मिति : २०४६/०१/२५<br>बाबु : निम बहादुर मल्ल<br>बाजे : केशर बहादुर मल्ल<br>ठेगाना : नवलपरासी जिल्ला,गैंडाकोट न.पा. वडा नं. १३ | ढाल बहादुर मल्लको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय, नवलपरासीमा दर्ता स्रेस्ता कायम रहेको नवलपरासी जिल्ला बेल्डीहा, ०५/ख मा स्थित कित्ता नं.: १०६, क्षेत्रफलः ०–३–०–० (विघा) जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातसमेत । |
| २. | ऋणको प्रकार : **व्यक्तिगत आवधिक कर्जा**<br>ऋणीको नाम : **मिना दर्लामी मगर**<br>नागरिकता प्र.नं : ३६३००५–२६१७<br>जारी मिति : २०६३/११/०३<br>पति : पदम बहादुर दर्लामी मगर<br>ससुरा : मोती लाल दर्लामी मगर<br>ठेगाना : गैडाकोट,०१ नवलपुर | मिना दर्लामी मगरको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय, नवलपरासीमा दर्ता स्रेस्ता कायम रहेको नवलपरासी जिल्ला गैंडाकोट, ०१/ख मा स्थित कित्ता नं.:३११२ र ३११५, क्षेत्रफलः ०–२–१–० र ०–०–३–२ (रो) जग्गा र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापातसमेत । |

**लिलाम बिक्रीका शर्तहरू**

१. बोलपत्र फाराम ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालय पोखरा ०८, न्युरोड कास्की तथा शाखा कार्यालयहरूबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० ( दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ र सो रकमको कुनै व्याज दिइने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८०/०३/०४ गते दिनको ४:०० बजेभित्रमा बैंकको शाखा कार्यालय, गैंडाकोटमा बुझाउनुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरू खुलेको दिनमा बोलपत्र फाराम बुझाउन पर्नेछ । गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन मिति २०८०/०३/०५ दिनको ४:३० बजे बैंकको शाखा कार्यालय, गैंडाकोट–५ नवलपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरू खुलेको दिन खोलिनेछ । तर प्रतिनिधि उपस्थित नभएपनि गोप्य शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरू सकार गरी लिने स्वयम्ले व्यहोर्नु पर्नेछ ।
६. बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पुनः सूचना जारी गरी लिलामी प्रक्रियामा जान सक्नेछ ।
७. तोकिएको समयभित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्रसम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा निहित हुनेछ ।
९. यससम्बन्धी अन्य केही कुरा बुझ्नुपर्ने भएमा यस डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोड र गैंडाकोट शाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।
१०. अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च** : उल्लेखित ऋणी (अ.प्रा व्यक्ति प्रोप्राइटर)/धितो जमानीकर्ता/धन जमानी दिनुहुने व्यक्तिहरू समेतले उक्त तोकिएको मितिभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा नियमानुसार लाग्ने अन्य दै–दस्तुरसमेत सम्पूर्ण रकम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुनः जानकारी गराइन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकाले उक्त दिन स्वयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिहरूको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनका लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन । साथै तहाँहरूबाट बैंकको कर्जा भुक्तानी नगरी धितो सम्पत्ति अन्य कोही कसैले सकार लिएमा वा बैंक आफैले सकार गरेमा वा नगरेमा समेत यो सूचना प्रकाशित मितिले ३० दिनभित्र उक्त जग्गा तथा घर खाली गरी बैंकलाई हस्तान्तरण गर्नहुन समेत सूचित गरिएको छ । उक्त सम्पती लिलाम बिक्रि गर्दा वा पुनर्मूल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असूलउपर नभई बाँकी रहेमा ऋणीलगायत व्यक्तिगत धनजमानी दिनेहरूको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरासमेत यसै सूचनाबाट थप जानकारी गराइएको छ ।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

केन्द्रीय कार्यालय
पोखरा–८, न्यूरोड, कास्की
फोन नं: ०६१-५८३५९०, ५८३६३४

शाखा कार्यालय गैंडाकोट
गैंडाकोट न.पा.–५, नवलपुर
फोन नं: ०७८-५०१०६६

चितवन पोष्ट
CHITWAN POST DAILY
दैनिक समाचारपत्र

संस्थापक सम्पादक : स्व. धर्मराज अर्याल
संस्थापक प्रबन्ध सम्पादक : स्व. जीवराज अर्याल
सम्पादक : प्रकाश अर्याल
प्रबन्ध निर्देशक : गोविन्द अर्याल, ९८५५०५१०९२
प्रकाशक : चितवन पोष्ट प्रकाशन प्रा.लि.
प्रधान कार्यालय: भरतपुर-१०, विद्युत्रोड
फोन : ०५६-५९५६२१, ५९५६२४
इमेल : chitwanpost@gmail .com
शाखा कार्यालयहरू :
सौराहाचोक, टाँडी, फोन: ९८५५०८०२९१
पर्सा, सम्पर्क : ९८४५१६०२९५
चनौली : ९८६५००५५९७, मेघौली : ९८४५०८२८२३
कावासोती: ९८४३४०२६४४
धादिङबेसी: ०१०-५२०६६५, दमौली: ०६५-५६०८३९
डुम्रे: ०६५-६९०८०६, त्रिशूली: ०१०-५६०५४७, ९८५१०१४३९१
मुद्रक : कालिका अफसेट प्रेस, विद्युत रोड, भरतपुर, फोन: ०५६-५९५६२१
कम्प्युटर : कमल के.सी./दिलीप के.सी.
(चितवन पोष्ट डेस्कटप)

## सम्पादकीय....


# गर्मीमा तातो हावाबाट जोगिऔँ

केही दिनयता चितवनलगायत देशभर अत्यधिक गर्मी बढेको छ। चितवनमा शनिबार ४० डिग्री सेन्टिग्रेड मापन गरिएको थियो। गर्मी बढेसँगै अस्पतालहरूमा बिरामीको चाप बढेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तातो हावा (लु) बाट जोगिन आग्रह गरेको छ। गर्मीयाम बढेसँगै तराईमा तातो हावा चल्न थालेकाले मन्त्रालयले सूचना जारी गर्दै लुबाट बच्न दिउँसो घरबाट ननिस्कन आग्रह गरेको छ। गर्मी मौसममा तातो हावा वा लु बढ्ने जोखिम धेरै रहेको पाइन्छ। गर्मीमा स्वास्थ्यको विशेष हेरचार गर्नुपर्ने चिकित्सकहरूले जनाएका छन्। तातो हावा तथा लुका कारण विश्वमा बर्सेनि हजारौँ मानिसको मृत्यु हुने गरेको छ। गर्मी मौसममा तापमान बढ्दै जाँदा लु या हिटस्ट्रोकको खतरा पनि बढ्दै जान्छ। तातो हावाबाट श्वासप्रश्वासमा असर पर्ने, हृदयको गति तीव्र हुने, रक्तचाप कम हुने, शरीरबाट पसिना निस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, अचेत हुने, शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी हुनुका साथै छाला सुक्खा, रातो र तातो हुने गर्दछ।

गर्मी बढेसँगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तातो हावाबाट जोगिने उपायबारे सन्देश जारी गरेको छ। मन्त्रालयले तातो हावाबाट जोगिन दिउँसो घरबाट बाहिर ननिस्कने, फलफूलको रस र पानी पिउने र धेरै पसिना आएमा कहिलेकाहीं जीवनजल पिउन आग्रह गरेको छ। बाहिर निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने, चिसो पानीले नुहाउने, खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने, चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने, मदिरा सेवन नगर्ने, चिया, कफी, सोडाजस्ता पेयपदार्थ नपिउन आग्रह गरिएको छ। यस्तै, बालबालिकालाई तातो हावाबाट जोगाउन साथमा पानीको बोतल राख्ने, कागती पानी, नरिवल पानी, फलफूलको ताजा रस नियमितरुपमा पिउने, हल्का रंगको सुतीको कपडा लगाउने, टाउको ढाक्ने कपडा, टोपी र छाताको प्रयोग गर्ने, जङ्क फुडको प्रयोग नगर्ने, ताजा फल, सलाद र घरमै बनेको खानेकुरा खाने, दिउँसो १२ बजेदेखि ४ बजेसम्म कडा घाममा ननिस्कने, साँझबिहान खेल्न लगाउने, बालबालिकालाई रिङ्गा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा श्वास फेर्न कठिनाइँ भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्थामा लैजान पनि मन्त्रालयले आग्रह गरेको छ।

नेपालका कतिपय स्थानमा केही दिनयता बढ्दो गर्मीका कारण जनजीवन प्रभावित बन्न थालेको छ। प्रचण्ड गर्मीका कारण खासगरी दिउँसो हिँडडुललगायत घरबाहिरका गतिविधिमा असर परिरहेको छ। भारतको मौसम विज्ञान विभागले नेपालसँग सीमा जोडिएका बिहार, उत्तर प्रदेश र पश्चिम बंगाललगायतका राज्यमा आगामी केही दिनसम्म 'हिट वेभ' अर्थात् तातो हावा चल्ने चेतावनी जारी गरेको छ। नेपालमा जल तथा मौसम विज्ञान विभाग जलवायु विश्लेषण शाखाले तातो हावाको अवस्थाबारे विश्लेषण गरिरहेको जनाएको छ। नेपालमा मार्च, अप्रिल, मे र जुन महिनाको अवधिलाई प्रि-मनसुन भनिँदै आएको छ। जलवायु विश्लेषण शाखाले नेपालमा पछिल्ला दिनमा धेरैजसो मौसम केन्द्रमा सरदरभन्दा बढी तापक्रम मापन गरेको छ। कुनै पनि स्थानको सरदर तापक्रम भनेको सो ठाउँको ३० वर्ष अवधिको औसत तापक्रम भन्ने बुझिन्छ। यस्तो अवस्थामा तातो हावा वा लुको असर जुनसुकै उमेर समूहलाई हुन सक्ने र अझै बालबालिका तथा वृद्धवृद्धालाई बढी असर पर्ने चिकित्सकहरुको भनाइ छ। गर्मीको असरबाट जोगिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको सन्देशअनुसार आवश्यक सतर्कता अपनाउनु जरुरी देखिन्छ।

# गङ्गादशहरा पर्व र गोसाईंकुण्ड स्नान



चक्रपाणि शर्मा गौतम
chakrapani766@gmail.com

वैदिक सनातन र हिन्दु धर्मशास्त्रका अनुसार पौराणिक समयमा राजा सगरका नाति भागीरथले आफ्ना ६० हजार पितृहरूको मुक्तिका लागि ब्रह्मा र शिवजीका नाममा आजीवन तपस्या गरेछन्। यिनको तपस्याबाट ब्रह्मा र शिव दुवै प्रसन्न भएर गङ्गानदीलाई स्वर्गबाट यस धरतीमा अवतरण गराइ भागीरथको मनोकामना पूर्ण गरिएछ। यसरी गङ्गानदी धरतीमा ल्याएर भागीरथ राजाका ६० हजार पितृहरूको उद्धार, अगस्त्यमुनिले पिएर रित्तो पारिएको समुद्रलाई यिनै गङ्गाको पानीले पुनः भरिभराउ आदि गरिनुको साथसाथै यस धरतीलाई पवित्र पार्ने काम भयो। जुन कार्य जेष्ठशुक्ल दशमी तिथिका दिन सम्पन्न भएको थियो। यसैकारणले त्यसै समयदेखि आजको यस दिनलाई गङ्गादशहरा पर्वको रूपमा गङ्गाजलले स्नान, जप-ध्यान, पूजा-पाठ आदि गरी नेपाल, भारत, बङ्लादेश, भुटान तथा अन्य हिन्दु मुलुकहरूमा धूमधामका साथ मनाउने चलन चल्दै आएको हो भन्ने शास्त्रीय कथन छ।


दशयोग जोडिएको दिनलाई दशहरा अर्थात दशमी भनिन्छ। यस पावन दिनमा गङ्गानदीको पवित्र जलले स्नान गर्नाले अथवा गङ्गाजलले अभिषेक गर्दा मात्र पनि दश प्रकारका पापहरू नष्ट हुने धार्मिक मान्यता छ। आफ्नो जीवनकालमा जान-अन्जानमा गरिएका सबै पापहरू नाश हुनुको साथै गङ्गाजलले स्नान गरेर आफ्ना दिवंगत पितृहरूलाई तर्पण दिइयो भने उनीहरूले मुक्ति पाउने, राम्रो लोकको बास पाउन सक्ने र आफ्ना सबै मनका इच्छाहरू पनि तृप्ति हुनसक्ने जनविश्वास रहिआएको छ।

हिन्दु पञ्चाङ्गअनुसार गङ्गा-दशहरा विसं २०८० साल जेष्ठ १६ गते मंगलबार परेको थियो। यस दिन हिन्दु तथा बौद्ध धर्मावलम्बीहरू बिहान सबेरै उठेर गङ्गाजलले स्नान, जप, ध्यान, पूजा, पाठ आदि गरी बडो हर्षोल्लासका साथ नाच-गान र भजनकीर्तनसमेत गरेर यो पर्व मनाउँछन्। बौद्ध धर्मावलम्बीहरूले त आ-आफ्ना क्षेत्रमा रहेका बौद्ध गुम्बाहरूमा विभिन्न वार्षिक कार्यक्रमहरूको आयोजना गरी गङ्गादशहरा पर्व मनाउने गर्दछन्। यस दिन १० विभिन्न थरीका बालीहरूको तरकारी बनाएर खाएमा मोक्ष प्राप्त हुने सारा नेपालीहरूले विश्वास राख्छन्।

गङ्गादशहरा पर्वको अवसर पारेर सामुद्रिक तटबाट करिब ४५०० मिटरको उचाइमा नेपालको रसुवा जिल्लाको लाङ्गटाङग् राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने निलाद्री पर्वतको काखमा अवस्थित धार्मिकस्थल गोसाईंकुण्डमा हरेक बर्ष भव्य मेला लाग्ने गर्छ। गोसाईंको अर्थ भगवान् र कुण्डको अर्थ पोखरी हुन्छ। गोसाईंकुण्डलाई भगवान्द्वारा निर्मित पवित्र कुण्ड या पोखरी भनिन्छ। यस विषयमा एक पौराणिक कथन यस्तो छ-

अनादिकालमा देवता र दानवद्वारा समुद्र मन्थन हुँदा त्यहाँबाट विभिन्न प्रकारका बस्तुहरू

## धर्म-संस्कृति



निस्किए, जसमध्ये सबैभन्दा पहिला निस्किएको एक बस्तुको नाम हो हलाहल बिष। यो एक घडामा कालो मुस्लो छुटाउँदै निस्किएको थियो। यसको प्रभाव पृथ्वीका सबै प्राणीहरूमाथि पर्न गयो। जतातत्तै हाहाकार मच्चिन थाल्यो। बिषको प्रभाव खप्न नसकेर देवता र दानवहरू त्यहाँबाट भागाभाग गरे। यो सबै देखेर ब्रह्मा र विष्णु शिव स्तुतिगान गर्दै शिवजीको पुकार गर्न थाले। यस्तो पुकार सुन्दासाथ शिवजीले समुद्रको किनारमा गएर उक्त बिष घुटु-घुटु पिइदिए। त्यस बिषको प्रभावले शिवजीको सारा शरीर महासागरको पानी जस्तै निलो हुन थाल्यो। पार्वतीले यो कुरा थाहा पाएपछि उनी शिवका कण्ठमा महाविद्याको रूपमा प्रवेश गरेर बिषको प्रभावलाई नियन्त्रण गरी घाँटीमा मात्र सीमित पारिन्। यसरी बिषको प्रभाव घाँटीमा एकत्रित भएर अड्किएपछि शिवजीलाई छटपटी भएर शीतल र शान्तिको खोजीका लागि उनी जतातत्तै भौँतारिँदै गर्दा एक्कासि निलाद्री पर्वतमा आएर बडो जोडसँग आफ्नो त्रिशूल भित्तामा प्रहार गरेपछि त्यहाँ छलछली पानी खस्ने एक धारा बनेछ। त्यसै धाराबाट बगेर आएको पानीले त्यहाँ एक कुण्ड (पोखरी) बन्न गएछ। त्यसै कुण्डमा रहेर शिवजीले हालाहाल बिषको डाहलाई शान्त पारेका हुनाले त्यस कुण्डको पानी पवित्र बन्न गएको, शिवजी सधैँ त्यही कुण्डको पानीमा रहिरहेका हुन्छन् र त्रिशूलीनदी त्यहींको पानी बगेर बनेको हो भन्ने किंवदन्ती छ। यसकारणले गर्दाखेरि त्यसै समयदेखि यस कुण्डमा आएर यहाँको जलले स्नान, जप-ध्यान, दान र पितृतर्पण गर्नाले आफ्ना पितृहरूको उद्धार भई उनीहरू स्वर्ग जान पाउने, आफूले जीवनभर गरेका पापहरूबाट मुक्ति मिल्ने, आफ्ना सबै मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ। धर्म, समृद्धि, मनोकांक्षा पूर्ति अर्थात भुक्ति-मुक्तिका निम्ति जेष्ठशुक्ल प्रतिपदाका दिन अर्थात यसवर्ष जेष्ठ ६ गतेदेखि जेष्ठशुक्ल दशमीका दिनसम्म जेठ १६ गतेसम्म यस पवित्र तीर्थस्थल गोसाईंकुण्डमा ठूलो धार्मिक मेला लाग्छ। जहाँ देश-विदेशबाट पनि हजारौँ मानिसहरू आएर मेला भर्ने गर्छन्। यसअवधिमा गोसाईंकुण्डमा आएर जो-जसले स्नान, दान आदि गर्छ, उसका दश प्रकारका पापहरू नष्ट भई जीवन सुखमय हुन गएर मृत्युपश्चात् मोक्ष मिल्छ भन्ने लोकोक्ति पनि सर्वव्याप्त छ। आजको यसै गङ्गादशहराको दिनबाट शिवजीद्वारा निर्मित पवित्र गोसाईंकुण्डको स्नान र यहाँ लाग्ने धार्मिक मेला समाप्त हुन्छ। एक हिन्दु उपनिषद्मा भनिएको छ-

*ॐ असतो मा सद्गमय।*
*तमसो मा ज्योतिर्गमय।*
*मृत्योर्मा अमृतं गमय।*
*ॐ शान्तिः शान्तिः शान्तिः*

भावार्थः हे भगवान् (विशेषगरी गुरू, त्रिदेव, त्रिदेवी तथा सबै आराध्य देव-देवीहरू) ! मलाई सदैव सत्यतालाई आत्मसात् गर्न देऊ, मलाई अज्ञानताको अँध्यारोमा नराख, ज्ञान र चेतनाको उज्यालो देऊ, त्यसतर्फको मार्ग देखाऊ र मलाई यस्तो ज्ञान देऊ, जसको माध्यमबाट म यो भौतिक संसार र मृत्युको भयभन्दा टाढा ज्ञानैज्ञानको उज्यालोमा अमर रहन सकूँ। यो संसारमा जतातत्तै शान्ति नै शान्ति होस्, आदिदैविक शान्ति होस्, आदिभौतिक शान्ति होस् र आध्यात्मिक शान्ति होस्। हाम्रो धर्मशास्त्रमा यसरी ज्ञान र शान्तिको विगुल फुकिएको छ, अशान्ति र अज्ञानता कतै पनि नरहोस् भन्ने यस धर्मको अभिप्राय छ। यस धर्मले बसुदैब कुटुम्बकम् अर्थात हामी सबै दाजुभाइ हौँ भनेर संसारवासीहरूको एक साझा नारा उद्घोष गरेको छ। एक अर्को भनाइ यस्तो छ-

ॐ सर्वे भवन्तु सुखिनः।
सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु।
मा कश्चित् दुःख भाग्भवेत्॥

भावार्थः सबै सुखी होऊन्, सबै निर्भय होऊन्, सबैलाई शुभा-शुभ होस्, सबैको दुःख हटोस्। यसैले यो धर्मशास्त्रलाई पूर्ण स्वतन्त्र, प्रजातन्त्रिक, विभेदरहित एवं सर्वप्रिय छ भन्नुमा कुनै अत्युक्ति नहोला। अतः आऊँ, अब हामी पनि यसरी देवादिदेव महादेव स्वयं यस कुण्डमा सधैँ रहिरहेका हुन्छन् भन्ने किसिमको धार्मिक विश्वास बोकेको गरिमामय एवं पवित्र गोसाईंकुण्डमा आफू स्वयं त्यहाँ पदार्पण गरेर स्नान, दानादि गर्न नसकेता पनि आत्मस्नान गरौँ, स्वर्गबाट यस धरतीमा अवतरित भई सकल जनजगतलाई पवित्र पारेकी र सबै प्रकारका पापहरू नाश गरिदिने पुण्यमयी गङ्गामैयाँप्रति भक्तिभाव समर्पण गरौँ, यसैमा सबैको कल्याण हुनेछ भन्दै आफ्ना वाणी यहींनेर अन्त्य गर्न चाहन्छु, सबैमा मेरो सादुभाव। अस्तु !

# महानगरका सबै वडालाई बालमैत्री घोषणा गर्ने तयारी

भरतपुर। भरतपुर महानगरका उपप्रमुख चित्रसेन अधिकारीले भरतपुर महानगरका सबै वडालाई बालमैत्री वडाको रुपमा घोषणा गर्ने तयारीमा रहेको बताएका छन्।

दियालो परिवार नारायणगढको आयोजना तथा भरतपुर महानगरको आर्थिक सहयोगमा नारायणगढमा भएको बाल हेल्पलाइन १०९८ को कार्यविधि २०७६ को बारेमा जनप्रतिनिधि तथा सरोकारवालासँगको गोष्ठीमा सम्बोधन गर्दै उपप्रमुख अधिकारीलेबालबालिकाकोसरोकारमा भरतपुर महानगर दत्तचित्त भएर लागेको प्रष्ट पारे। महानगरपालिकाले आगामी वर्षका लागि बालअधिकारको क्षेत्रमा उचित बजेट बिनियोजन गर्ने तयारी गरेकोसमेत उनले बताए।



बागमती प्रदेश बालअधिकार परिषद्का सदस्य झपेन्द्र ज्ञवालीले हेल्पलाइन १०९८ बालअधिकारको क्षेत्रमा निकै प्रभावकारी भएको बताए। बाल हेल्पलाइन प्रत्येक स्थानीय तहलाई आवश्यक पर्ने भन्दै ज्ञवालीले बाल हेल्पलाइन २५ जिल्लामा पुर्‍याउने लक्ष्य सरकारले लिएको बताए।

बालबालिकाको आपत्कालीन उद्धार, राहत, संरक्षण तथा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले नेपालमा बाल हेल्पलाइन सञ्चालनमा आएको हो। विसं २०७६ सालबाट चितवनमा दियालो परिवार नारायणगढले बाल हेल्पलाइन १०९८ सञ्चालनमा ल्याएको थियो। नेपालमा हाल २० वटा बाल हेल्पलाइन सञ्चालनमा रहेका छन्। गोष्ठीमा भरतपुर-१ का अध्यक्ष केशव महर्जन, भरतपुर-४ का अध्यक्ष अर्पण पोखेल, कार्यपालिका सदस्य सिर्जना अधिकारी, वडा सदस्यहरू र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# शान्ति समाजले मनायो स्थापना दिवस



भरतपुर। मानवअधिकार तथा शान्ति समाज चितवनले आफ्नो २८ औँ स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ।

जेठ १८ गते बेलुका देवघाटस्थित रोटरी करूणा वृद्धआश्रममा खाना खुवाइएको थियो। अभियानअन्तर्गत जेठ १९ गते राष्ट्रिय माध्यमिक विद्यालय तोरीखेतका प्रधानाध्यापक करूणा पण्डितलाई पुस्तक हस्तान्तरण गरेको थियो। यस्तै, बेलुका भरतपुर स्थित चौबिसकोठीमा दीप प्रज्ज्वलन गरेको शाखा सभापति शम्भु राउतले जानकारी दिए।

मानवअधिकार, शान्ति, लोकतन्त्र र अहिंसालगायतको क्षेत्रमा निरन्तर क्रियाशील मानवअधिकार तथा शान्ति समाज २८औँ वर्षमा प्रवेश गरेको छ। मानवअधिकार तथा शान्ति समाजले युद्ध निषेध, शान्ति विशेष भन्ने मूलनारासहित अघि बढिरहेको छ भने कुशासन र दण्डहीनताविरूद्ध अभियान, नक्कली भुटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाही गर्न दबाब, सुशासनको प्रत्याभूति आर्थिक पारदर्शिता रजवाफदेहिता सुनिश्चित गर्न र मानवअधिकारमैत्री ऐन बनाउन, संक्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुर्‍याऊ भन्दै अभियान सञ्चालन गरेको छ।

# दृष्टिविहीनलाई गमनशिलता तालिम



भरतपुर। चितवन नेत्रहीन संघको आयोजना तथा भरतपुर महानगरको आर्थिक सहयोगमा दृष्टिविहीन भएका व्यक्तिहरूलाई दिइएको १० दिने निःशुल्क गमनशिलता तालिम तथा सेतो छडी वितरण कार्यक्रम सम्पन्न भएको छ।

तालिममा ३० जना दृष्टिविहीनको सहभागिता रहेको थियो। कार्यक्रमका प्रमुखअतिथि उपप्रमुख चित्रसेन अधिकारीले तालिमको प्रमाणपत्र तथा सेतो छडी वितरण गरे।

सो अवसरमा उपप्रमुख अधिकारीले नेपालको संविधानले अपाङ्गताका आधारमा हुने सबै प्रकारका भेदभावलाई प्रतिबन्धित गरेको बताउँदै अपाङ्गता भएका व्यक्तिहरुका लागि शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत सेवा तथा अधिकारमा समान पहुँचको व्यवस्था सविधानले नै प्रष्ट गरेको उल्लेख गरे।

उपप्रमुख अधिकारीकै पहलमा सरकारले भरतपुर महानगरपालिका वडा नं २३ मा अपाङ्गताग्राम निर्माण गर्दैछ। महानगरपालिकाभित्रका सबै खालका अपाङ्गता भएकाहरूलाई एउटै भवनमा राखेर आवासीय सुविधासहितको तालिम, गोष्ठी, सेमिनारलगायत अन्य कार्यक्रमहरू गरी अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर माथि उकास्ने लक्ष्यसहित सरकारले अपाङ्गताग्राम निर्माणको तयारी थालेको छ।

सघका अध्यक्ष सञ्जय अर्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षक सेवामा नाम निकाल्ने पाँच जना, गत वर्षको एसइई परीक्षामा उत्कृष्ट अङ्क ल्याउने छात्रछात्रा तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचारमा सहयोग गर्ने डाक्टरहरूलाई सम्मान गरिएको थियो।

# मानिसको वास्तविक क्षमता

## शान्ति सन्देश

प्रेम रावत



हामीले जीवित रहुन्जेलसम्म निराश हुनु आवश्यक छैन। मानिसको वास्तविक क्षमता नै आफूले आफैँलाई चिन्ने, आफ्नो हृदयलाई शान्तिले भरिपूर्ण तुल्याउने हो।

यदि तपाईं आफ्नो जीवनमा कुनै पनि कारणले असफल हुनुभएको छ भने त्यो असफलतालाई कहिल्यै पनि स्वीकार नगर्नुहोस्। तपाईं बाल्यकालमा तातेताते गर्नका लागि कोसिस गरिरहँदा कैयौँ पटक हिँड्ने प्रयास गर्दै उठ्नुहुन्थ्यो अनि लडिहाल्नुहुन्थ्यो। तर, तपाईंले हिँड्न नसिकुन्जेसम्म त्यो असफलतालाई पटक्कै स्वीकार गर्नुभएन। फलतः तपाईंले हिँड्न सिक्नुभयो। आफूमाथि विश्वास राखेर आफ्नै क्षमताको सहाराले अघि बढ्ने मानिसलाई अवश्य पनि सफलता प्राप्त हुन्छ।

हामीभित्र श्वास आइरहेको कारणले नै यो सामर्थ्य पनि छ। अर्थात्, हामी जीवित छौँ। यो कुरालाई सामान्य नठान्नुहोस्। सबैभन्दा महत्त्वपूर्ण कुरा त के हो भने वास्तवमा जीवित हुनाले नै मानिसमा क्षमता छ। तपाईंलाई यो वास्तविकता बोध भएपछि तपाईं कति शक्तिशाली हुनुहुन्छ र तपाईंको साँचो क्षमता के हो भन्ने कुरा थाहा हुनेछ। तपाईंलाई सृष्टिकर्ताले उपहारका रुपमा त्यो क्षमता दिएका छन्।

एकपटक एकजना राजाले आफ्ना मालीलाई बोलाएर भनेछन्, "पहाड माथिको मेरो महलमा एउटा एकदमै सुन्दर बगैँचाको निर्माण गरिदेऊ।"

राजाको आदेशलाई मानेर माली बगैँचाको निर्माणतर्फ जुटे। पहाडको फेदमा एउटा नदी थियो। ती माली दुईवटा ठूला-ठूला गाग्रालाई काँधमा अघिपछि पारेर बोक्दै हरेक दिन तल नदीमा पानी भर्न जान्थे। अनि, बल्लतल्ल महलसम्म पुगेर आफूले तयार पारेको बगैँचामा पानी लगाउने गर्थे।

निकै समय यही क्रमअनुसार बित्दै गयो। एक दिन दुईवटा गाग्रामध्ये पछाडितिरको गाग्रो कुनै चीजसँग ठोक्किएर त्यसमा प्वाल पर्न पुग्यो। सधैँ ती माली पहाडबाट तल झर्थे। दुवै गाग्रामा पानी भर्दथे। तर, उनी महलसम्म आइपुग्दा अगाडिको गाग्रोमा त पानी भरी नै हुन्थ्यो तर पछाडिको गाग्रो भने चुहिएर रित्तो भइसक्थ्यो।

एकदिन अगाडिको गाग्रोले पछाडिको गाग्रोलाई भन्यो, "तिमी त अब कुनै कामका लागि लायक नै छैनौ। तिमी त प्वाल परिसक्यौ। मेरो कारणले राजाको बगैँचा यति धेरै हराभरा भएको छ, किनभने मैले मात्रै पानीलाई यहाँसम्म ल्याइपुर्‍याउँछु। तिमीमा त यहाँसम्म आइपुग्दाओर्दा एक थोपा पनि पानी बाँकी रहँदैन। अब तिमी बेकम्मा भइसक्यौ।"

पछाडिको गाग्रोले आफू कुनै कामको लायक नरहेको भन्ने लाञ्छना सुनेपछि उसलाई अत्यन्तै दुःख लाग्यो। अर्को दिन माली आए। दुवै गाग्रातिर नजर लगाए। उनलाई पछाडितिरको गाग्रो निकै उदास भएको महसुस भयो। त्यसपछि मालीले सोधे- "तिमीलाई के भयो, किन उदास छौ ?"

अनि, त्यो गाग्रोले भन्यो, "अगाडिको गाग्रोले त म अब कुनै कामको लायक नै छैन रे

भन्छ ! तपाईं बिहान-बिहानै पानी भर्नुभएर बगैँचामा आइपुग्नुहुँदा अगाडिको गाग्रोमा त पानी भरी नै हुन्छ तर ममा त प्वाल परेको छ। एक थोपा पनि पानी बाँकी रहँदैन। अगाडिको गाग्रोको भनाइ के छ भने उनकै कारणले नै यो बगैँचा हराभरा भएको छ। मेरो कारणले त केही हुन सक्दैन।"

मालीले हाँस्दै भने, "तिमी यो रहस्य बुझ्दैनौ। तिमीमा प्वाल भएको थाहा हुँदाहुँदै पनि मैले तिमीलाई फ्याँकिन। मैले तिमीलाई सधैँ तल लगेर तिमीमा पनि पानी भर्छु र माथिसम्म ल्याउँछु। अँ, यो कुरा त ठिकै हो जति पनि बगैँचा हराभरा भएको छ, बगैँचाको हरियाली छ, त्यो त अगाडिको गाग्रोको कारणले नै भएको छ। तर, के तिमीले देखेका छैनौ ? त्यो नदीबाट माथि बगैँचासम्मका जाने बाटोको किनारमा जति पनि थरीथरीका फूलहरु फुलिरहेका छन्, ती तिम्रै कारणले त फुलेका हुन्। तिनीहरु सबैले तिम्रो कारणले नै पानी पाउँछन्। अर्कोको कारणले त केवल एउटा मात्रै बगैँचा हराभरा भएको छ तर तिम्रो कारणले त बाटाभरि- त्यो नदीदेखि लिएर बगैँचासम्मको क्षेत्र आज हराभरा छ। किनभने, तिनीहरुले तिम्रै कारणले पानी पाएका छन्।"

यो कुरा सुनेपछि त्यो गाग्रो असाध्यै खुशी भयो। ऊ अझै पनि काम लाग्ने चीज भएको कुरा उसलाई थाहा भयो ! हो, उसले राजाको बगैँचामा त सिँचाइ गर्न सकेन तर उसले त्यस बाटोमा यस्तो सुन्दर बगैँचा बनायो- जुन बाटोबाट सारा मानिस ओहोरदोहोर गर्ने गर्छन्। ती सबैले फूलको सुगन्ध लिन पाउँछन्।

यसर्थ, चाहे जस्तोसुकै परिस्थिति होओस् तर कहिल्यै पनि आफूलाई कमजोर ठान्न आवश्यक छैन। जीवनमा हरेकको आफ्नै महत्त्व हुन्छ। यो कुरालाई बुझ्नु आवश्यक छ। सबैभन्दा महत्त्वपूर्ण कुरा त हामी जीवित रहुन्जेलसम्म जीवित भएका कारणले नै हामीमा अनन्त सम्भावनाहरु हुन्छन्। जीवनमा चाहे जतिसुकै कठिनाइहरु आऊन् तर आफ्नो दक्षतालाई चिनेर अघि बढ्ने मानिसलाई जीवनको हरेक क्षेत्रमा अवश्य पनि सफलता हात लाग्दछ। यस्ता मानिसहरु कठिन समयमा पनि निराश हुँदैनन्।

हामीले हाम्रो क्षमतालाई बिर्सेका छौँ। हामी को हौँ भन्ने कुरालाई हामी बिर्सन्छौँ। हामीभित्र भएको करूणालाई हामी बिर्सन्छौँ। हामीभित्र भएको लगनशीलतालाई हामी बिर्सन्छौँ। हामी आफूभित्र भएको दयालाई बिर्सन्छौँ। हामी आफूभित्र भएको आनन्दलाई बिर्सन्छौँ। हामी एउटा मानव के हो भन्ने कुरालाई नै बिर्सन्छौँ।

मानिसको बारेमा कुरा नगरी तपाईं शान्तिको बारेमा कुरा गर्न सक्नुहुन्न। किनकि, शान्ति त मानिसको हृदयमा नाचिरहेको हुन्छ।

मलाई थाहा छ, अहिले मानिसहरु भन्छन्, "ओहो, मानिसहरु त खराब हुन्छन्। हेर्नुहोस् त तिनीहरुले के गरिरहेका छन् ! तिनीहरु त एक अर्कालाई मारिरहेका छन्, एक अर्कालाई आतङ्कित तुल्याइरहेका छन्, एक अर्कालाई त्रसित पारिरहेका छन्। त्यो त मानिसको स्वभाव होइन।"

यस संसारमा धेरै असल कुराहरु छन्। यस संसारमा धेरै दयालु छन्। यस संसारमा धेरै उदारता छ। यो मानिसको वास्तविक स्वभाव हो, यो तपाईंको साँचो स्वभाव हो। तपाईंको स्वभाव हो- शान्तिलाई अगाध प्रेम गर्नु, शान्ति चाहनु, तृप्त हुनु। यो भनिरहनु पर्ने कुरा नै होइन। साँच्चै नै यस पृथ्वीमा एउटा स्वर्गलाई स्थापना गर्न सकिन्छ।

मानिसहरुले कुरा गर्ने गर्छन्, मरेपछि के उनीहरु स्वर्ग जान्छन् ? त्यस सुन्दर स्वर्गको एउटा सानो समस्या छ। त्यस स्वर्गमा पुग्नका लागि तपाईंले मर्नुपर्छ। तपाईं जिउँदो हुँदैमा किन त्यो अनुभवद्वारा त्यो स्वर्गको स्थापना नगर्ने ? तपाईं जिउँदो हुँदै, तपाईं यहीँ हुँदै ?

मानिसहरुले भन्ने गर्छन्, "हेर्नुहोस् त कति मानिसहरु भोकै छन् ?" किन ? तपाईंले कहिल्यै मानिसहरु किन भोकै हुन्छन् भनेर विचार गर्नुभएको छ ? के यसको मूल कारण खानेकुराको अभाव हो ? होइन ! चालीस प्रतिशत उत्पादित खाद्यान्नलाई खेर फालिन्छ। यसलाई फ्याँकिन्छ। यो उपभोगको लागि उपयुक्त छैन भनेर फालिन्छ। यस संसारका हरेक व्यक्तिलाई खुवाउन चाहिनेभन्दा पनि बढी खानेकुरा छ।

मानिसहरुले भन्ने गर्छन्, "मानिसहरुलाई चाहिने स्वच्छ पानी छैन।" संसारमा प्रशस्त मात्रामा पानी छ। मलाई विश्वास गर्नुहोस्, प्रशस्त मात्रामा पानी छ। तर, पानीलाई कसले फोहोर बनाउँछ ? हामीले बनाउँछौँ।

हाम्रो आफ्नो वास्तविक स्वभावलाई बुझ्ने, हाम्रो त्यो शक्तिलाई बुझ्ने कुरा हामीमा नै निर्भर छ। यदि हामी त्यो शान्तिलाई प्राप्त गर्न चाहन्छौँ भने त्यो शान्तिलाई हामी प्राप्त गर्न सक्छौँ।

(यो लेख प्रेम रावतको सम्बोधनलाई सम्पादन गरी साभार गरिएको हो। उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता तथा विश्व प्रशिद्ध पुस्तक 'आफैँलाई सुन्नुहोस्' (Hear Yourself) का लेखक हुनुहुन्छ। उहाँको सन्देशका बारेमा थप जानकारीका लागि: www.premrawat.com)

# प्रधानमन्त्रीको भारत भ्रमण : के के भए सहमति र सम्झौता

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतको चारदिने औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शनिबार स्वदेश फर्किएका छन् । प्रधानमन्त्री दाहाल नेपाली उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही जेठ १७ गते नयाँ दिल्ली प्रस्थान गरेका थिए । पदभार ग्रहण गरेपछिको प्रधानमन्त्री दाहालको यो पहिलो भारत भ्रमण हो ।

प्रधानमन्त्रीसँगै भ्रमण टोलीमा परराष्ट्रमन्त्री नारायण प्रकाश साउद, अर्थमन्त्री डा प्रकाश शरण महत, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल रहेका थिए ।

भ्रमणका क्रममा परम्परागत न्यानोपन तथा सौहार्द्रताका साथ दुवै प्रधानमन्त्रीले द्विपक्षीय विषयमा व्यापक छलफल गरेका थिए । वार्ताका क्रममा राजनीतिक, आर्थिक, व्यापार, ऊर्जा, सुरक्षा तथा विकास सहकार्यलगायतका विषयवस्तुलाई समेट्दै दुवै प्रधानमन्त्रीले भारत र नेपालबीचको द्विपक्षीय एजेन्डाका सम्पूर्ण पक्षको समीक्षा गरेका थिए । प्रधानमन्त्री दाहालले भारतका राष्ट्रपति द्रौपदी मुर्मू तथा उपराष्ट्रपति जगदीप धनकडसँग शिष्टाचार भेटवार्ता गरेका थिए ।

त्यस्तै, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले प्रधानमन्त्री दाहालसँग दिल्लीमा शिष्टाचार भेटवार्ता गरेका थिए । दुवै प्रधानमन्त्रीले दुई देशबीच रहेको उत्कृष्ट सहकार्यको उल्लेख गरे । जुन सहकार्य कोभिड–१९ महामारीले निम्त्याएको विषम परिस्थितिको बेला पनि कायम थियो । दुई देशबीचको बलियो आर्थिक तथा व्यापार साझेदारीमाथि प्रकाश पार्दै दुवैले अन्य सम्झौतालगायत भारतको आन्तरिक जलमार्गमा पहुँच प्रदान गर्ने संशोधित पारवहन सन्धिमा हस्ताक्षर गरेकामा स्वागत गरेका थिए ।

### विद्युत् व्यापारमा महत्वपूर्ण उपलब्धि

ऊर्जा क्षेत्रमा सहकार्यका लागि सन् २०२२ अप्रिलमा जारी गरिएको संयुक्त दृष्टिकोणपत्रको स्मरण गर्दै ऊर्जा क्षेत्र सहकार्यमा हासिल प्रगतिप्रति दुवै प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गरेका थिए । यसमा जलविद्युत् परियोजनाको विकास, विद्युत् प्रसारण, पूर्वाधार तथा ऊर्जा व्यापार समावेश छन् । दुवै प्रधानमन्त्रीले नेपालबाट भारततर्फ चार सय ५२ मेगावाटसम्म भएको विद्युत् निर्यात र नेपालमा नौ सय मेगावाट क्षमताको अरूण–३ जलविद्युत् परियोजनाको निर्माणमा भएको प्रगतिको प्रशंसा गरेका थिए ।

दुवै पक्षले दीर्घकालीन ऊर्जा व्यापारका लागि सहमति जनाएका थिए । जसअनुसार दुवै पक्ष नेपालबाट भारतमा हुने विद्युत् निर्यातको परिमाण १० वर्षको अवधिभित्र १० हजार मेगावाट पुर्‍याउन र यसका लागि आपसी सहयोगलाई प्रोत्साहित गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्न सहमत छन् ।

सो अवसरमा प्रधानमन्त्रीद्वयले संयुक्त रूपमा चार सय केभी गोरखपुर–बुटवल प्रसारण लाइनको भूमिपूजन कार्य गरे । चार सय ८० मेगावाटको फुकोट–कर्णाली परियोजनाको निर्माणका लागि एनएचपिसी र भियुसिएल लिमिटेडबीच समझदारीपत्रमा हस्ताक्षर तथा छ सय ६९ मेगावाटको तल्लो अरूणाको निर्माणका लागि सतलज जलविद्युत् निगम र नेपाल लगानी बोर्डबीच सम्पन्न परियोजना विकास सम्झौताको दुवै पक्षले स्वागत गरेका थिए । नेपालबाट बङ्गलादेशसम्म भारतीय ग्रिडमार्फत ४० मेगावाटसम्मको विद्युत् निर्यात गर्न पहिलो त्रिपक्षीय विद्युत् कारोबारलाई सहजीकरण गर्ने भारत सरकारको निर्णयलाई नेपाली पक्षले स्वागत गरेको छ । दुवै पक्षले ऊर्जा क्षेत्रलगायत बृहत् उपक्षेत्रीय सहयोगका लागि आफ्नो प्रतिबद्धता जाहेर गरे । यसले सबै सरोकारवालाहरूको पारस्परिक हितका लागि अर्थतन्त्र बीचको अन्तर सम्बन्धलाई बढाउनेछ ।

### पञ्चेश्वर आयोजनाको डिपिआर अन्तिम रूप दिने सहमति

महाकाली सन्धिमा परिकल्पना गरिएको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना नेपाल र भारतका नागरिकको आकांक्षाअनुरूप हो । यस सन्दर्भमा दुवै सरकारका सम्बन्धित अधिकारीहरूले तीन महिनाभित्र पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)लाई छिट्टै अन्तिम रूप दिन द्विपक्षीय छलफललाई तीव्रता दिने सहमति भएको छ । पञ्चेश्वर विकास प्राधिकरणले अन्तिम डिपिआर दुवै सरकारलाई बुझाउनेछ । उक्त आयोजनाका लागि आवश्यक पर्ने वित्तीय व्यवस्था दुई सरकार र तिनीहरूका सम्बन्धित निकायले गर्नेछन् । दुवै सरकारले डिपिआर स्वीकृत गरेपछि एक वर्षभित्र कार्यान्वयनको ढाँचा टुङ्गो लगाइनेछ ।

दुवै पक्षले टनकपुर लिङ्क क्यानल निर्माणको स्वागत गर्दै नेपालतर्फ आवश्यक पर्ने संरचनाको उपलब्धताका आधारमा चरणबद्ध रूपमा टनकपुर ब्यारेजबाट नेपालको सिँचाइ कमान्ड एरियामा नहरबाट पानी छोड्ने सहमति भएको छ । यस सम्बन्धमा दुवै पक्षका प्राविधिक टोली सम्पर्कमा रहनेछन् ।

भेरी करिडोर, निजगढ–इनरूवा र गण्डक नेपालगञ्ज प्रसारण लाइन र यससँग सम्बन्धित सबस्टेसनहरू भारतीय लाइन अफ क्रेडिटअन्तर्गत छ सय ७९ दशमलव आठ (६७९.८) मिलियन अमेरिकी डलर अनुमानित लागतमा लगानी गर्ने भारत सरकारको निर्णयलाई दुवै पक्षले स्वागत गरेका छन् । दुई देशका प्रधानमन्त्रीले विकास साझेदारीले हासिल गरेको सकारात्मक गतिको सराहना गर्नाका साथै प्रमुख परियोजनाहरूको कार्यान्वयनको समीक्षा गरे । प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री मोदीलाई भारतको सहयोगमा अघि बढिरहेका सबै परियोजनालाई समयमै सम्पन्न गराउन नेपाल सरकारले पूर्णरूपमा सहजीकरण गर्नेबारे आश्वस्त पारे ।

यसैगरी, भारत सरकारको अनुदान सहयोगमा भारत र नेपालबीच निर्माणाधीन एकीकृत जाँच चौकीमार्फत कनेक्टिभिटीलाई थप गति प्रदान गर्न दुई प्रधानमन्त्रीले भारतको रूपैडिहा र नेपालको नेपालगञ्जमा निर्माण हुने एकै किसिमका एकीकृत जाँच चौकीको उद्घाटन गर्नुभयो । त्यस्तै, दुई प्रधानमन्त्रीले भारतको सुनौली र नेपालको भैरहवामा एकीकृत जाँच चौकीको निर्माणका लागि भूमिपूजन सम्पन्न गर्नुभयो । भ्रमणका क्रममा भारत सरकारको अनुदान सहयोगमा नेपालको दोधारा चाँदनीमा एकीकृत जाँच चौकीको निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर पनि भयो । यी एकीकृत जाँच चौकीले यातायातको सुविधालाई सहज बनाई जनता–जनताबीचको सम्पर्कका साथै दुई देशबीचको व्यापार, वाणिज्य तथा आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत गर्नेछ ।

### रेल सम्पर्क सञ्जालमा उपलब्धि

रेल कनेक्टिभिटीलाई थप सुदृढ बनाउने प्रयासअनुरूप दुई देशका प्रधानमन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्मित जोगबनी–विराटनगर रेलमार्गअन्तर्गत भारतको बथनाहादेखि नेपाल भन्सार यार्डसम्म उद्घाटनस्वरूप गरिएको सीमापार यात्रुवाहक रेल सञ्चालनको अध्यक्षता गर्नुभयो । यसले पूर्वी नेपालको व्यापारिक केन्द्रका रूपमा रहेको विराटनगरमार्फत दुई देशबीच व्यापार एवम् वाणिज्य सम्पर्कलाई थप बलियो बनाउनेछ । गत वर्षको अप्रिलदेखि सञ्चालनमा आएको जयनगर–कुर्था यात्रुवाहक रेल सेवालाई थप विस्तार गर्न कुर्था–बिजलपुरा रेलखण्ड नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । उक्त रेलखण्ड चाँडै सञ्चालनमा आउनेछ ।

भ्रमणका क्रममा रक्सौल–काठमाडौं रेलमार्गको अन्तिम स्थलगत सर्भे प्रतिवेदन पनि नेपाली पक्षलाई हस्तान्तरण गरिएको छ । नेपाली रेल अधिकारीहरूको क्षमता अभिवृद्धिका लागि भारतका रेलवे प्रतिष्ठानहरूमा तालिमको प्रबन्ध र जयनगर–कुर्था रेलखण्डको पूर्वाधार मर्मतका लागि अनुदानको व्यवस्थाका लागि नेपाल सरकारको अनुरोधबमोजिम भारत सरकारले सोही अनुरूप गर्ने सहमति जनाएको छ । गत वर्षको अप्रिलमा भारत र नेपालका प्रधानमन्त्रीले संयुक्तरूपमा जयनगर–कुर्था रेलखण्डको उद्घाटन गरेका थिए ।

ऊर्जा कनेक्टिभिटीका सम्बन्धमा दुवै प्रधानमन्त्रीले सन् २०१९ को सेप्टेम्बरमा उद्घाटन भएको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनका फाइदाबारे चर्चा गरे । यो सहकार्यलाई थप सुदृढ बनाउन दुवै प्रधानमन्त्रीले चितवनमा निर्माण हुने दोस्रो चरणको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको शिलान्यास गरे । भ्रमणका क्रममा सिलिगुडीदेखि झापासम्मको पेट्रोलियम पाइपलाइन निर्माण, अमलेखगञ्जदेखि चितवनसम्म तेल पाइपलाइन विस्तार र चितवन र झापामा दुईवटा ग्रिनफिल्ड टर्मिनल निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर भयो ।

दुवै पक्षले भारत र नेपालबीच डिजिटल वित्तीय कनेक्टिभिटीलाई अझ मजबुत बनाउने निर्णय गर्‍यो । यस सम्बन्धमा सीमापार डिजिटल भुक्तानी सहजीकरणका लागि भारतको एनपिसिएल र नेपालको एनसिएचएलबीच समझदारीपत्र आदानप्रदान भयो ।

दुवै प्रधानमन्त्रीले गत वर्षको फेब्रूअरीमा भारतबाट नेपालतर्फ युरिया र डिएपीको आपूर्तिका लागि भएको समझदारीको चर्चा गरे । यस सहकार्यलाई थप बलियो पार्न दुवै प्रधानमन्त्रीबीच नेपाल र भारतका किसानलाई आवश्यक मल उपलब्ध गराउने गरी एवम् दुवैतर्फ पर्याप्त बजारको सुनिश्चितताका लागि नेपाल र भारतका सार्वजनिक एवम् निजी क्षेत्रको सहभागितमा नेपालमा मल उद्योग स्थापना गर्ने सहमति भएको छ । दुई देशका प्रधानमन्त्रीले सम्बन्धित निकायहरूलाई त्यस्तो उद्योग स्थापनाका लागि आवश्यक तयारी एवम् अध्ययन गर्न निर्देशन पनि दिए ।

### महाकालीमा दुई पुलको निर्माण गर्ने निर्णय

भारत सरकारले अनुदानमा नेपालका सिर्सिया र झुलाघाटमा महाकाली नदीमा भारतको चम्पावत र पिथौरागढ जोड्ने दुईवटा पुलको निर्माण गर्ने निर्णय गरेको छ । यी पुलले भारतको उत्तराखण्ड र नेपालको सुदूरपश्चिम प्रदेशबीच सम्पर्क विस्तार गर्न मद्दत गर्नेछ ।

कृषि क्षेत्रलाई नयाँ गति दिने उद्देश्यले दुवै पक्षबीच 'नानो फर्टिलाइजर' र प्राकृतिक खेती जस्ता द्विपक्षीय सहकार्यको नवीन आयामबारे छलफल भयो । कृषि तथा पशुपक्षीको क्षेत्रमा दुई देशबीचको सहकार्यअनुरूप नेपाल सरकारको अनुरोधमा १५ वटा मुर्रा भैंसी नेपाल सरकारकलाई उपलब्ध गराइँदैछ ।

भारत सरकारले अनुदान सहयोगमा नेपाललाई दक्षिण एसिया स्याटलाइटको सेवा प्रदान गर्न एउटा ग्राउन्ड स्टेसनको निर्माणका साथै तीन सयवटा टर्मिनल उपलब्ध गराउने भएको छ । यो प्रयासले अन्तरीक्ष क्षेत्र तथा अन्तरीक्ष प्रविधि एप्लिकेसन विशेषगरी दूरसञ्चार तथा प्रसारण, टेलिमेडिसिन, दूरशिक्षा, ई–गोभर्नेन्स, बैंकिङ तथा एटिएम सेवा, मेटोरोलोजिकल डाटा प्रसारण, विपद् उद्धार, अनुसन्धानलगायत क्षेत्रमा क्षेत्रीय सहकार्यलाई प्रवर्द्धन गर्नेछ ।

प्रधानमन्त्री मोदीले 'इन्टरनेसनल बिग क्याट एलाइन्स'को संस्थापक सदस्य भएकामा नेपाललाई बधाई दिएका थिए । प्रधानमन्त्री प्रचण्डले यही जेठ १९ गते मध्यप्रदेशको इन्दौर र उज्जैनको भ्रमण गर्नुभएको थियो । यी सहरको भ्रमणले दुई देशबीचको गहिरो धार्मिक एवम् सांस्कृतिक सम्बन्धलाई प्रतिबिम्बित गरेको छ ।

नेपाल भारतको छिमेक पहिलो नीतिको एक प्रमुख साझेदारका रूपमा रहेको छ । नेपालका प्रधानमन्त्रीको भारत भ्रमणले दुई देशबीचको उच्चस्तरीय भ्रमण तथा भेटघाटको परम्परालाई निरन्तरता दिएको छ । जसले सदियौँ पुरानो सम्बन्धलाई मजबुत बनाउन मद्दत गरेको छ । भ्रमणका दौरान भएका फलदायी छलफलले दुई देशबीचको समझदारी र द्विपक्षीय एजेन्डाका विविध पक्षको दृष्टिकोणलाई फराकिलो पार्नाका साथै दुई देशबीचको गहिरो साझेदारीलाई नयाँ मोड दिन सघाउ पुर्‍याएको छ । रासस

## इच्छाकामना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन

## करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी सूचना

*(प्रथमपटक प्रकाशित मिति २०८०/०२/२१)*

यस इच्छाकामना गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा रिक्त दरबन्दीमा करार सेवामा कर्मचारी पदपूर्ति गर्न आवाश्यक भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसहित यस कार्यालयमा रीतपूर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १. | ११–२०७९/८० | हे.अ. | सहायक पाँचौ | १ | ७००।– |
| २. | १२–२०७९/८० | अ.हे.व. | सहायक चौंथो | २ | ५००।– |
| ३. | १३–२०७९/८० | अ.न.मि. | सहायक चौंथो | १ | ५००।– |

१) **छनोटको किसिम** : करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि २०७९ बमोजिम संक्षिप्त सूची प्रकाशन र अन्तर्वार्ता ।

२) **आवश्यक न्यूनतम योग्यता र अनुभव** :
क) हे.अ पदको लागि : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट एच.ए कोर्ष (PCL in General medicine) उत्तीर्ण गरी सम्बन्धित काउन्सिल दर्ता प्रमाणपत्र प्राप्त गरेको ।
ख) अ.हे.व. पदको लागि : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट CMA कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिल दर्ताको प्रमाणपत्र प्राप्त गरेको ।
ग) अ.न.मि पदको लागि : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिल दर्ताको प्रमाणपत्र प्राप्त गरेको ।

३) **आवेदन दिने स्थान** : इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार चितवन ।

४) **आवेदन दिने अन्तिम मिति** : मिति २०८०/०३/०३ सम्म (आवेदन पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र) ।

५) **उमेर हद** : आवेदन दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

६) **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू** : क) नागरिकताको प्रतिलिपि, ख) न्यूनतम योग्यताको लब्धांकपत्रको प्रतिलिपि, ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि घ) २ प्रति पासपोर्ट साइजको फोटो र काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि, ङ) आवेदन दस्तुर तिरेको रसिद, च) कामसँग सम्बन्धित अनुभव भए अनुभव पुष्टि गर्ने कागजातको प्रतिलिपि

*(नोटः आवेदन साथ पेश गरेका कागजातहरूको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरेको हुनुपर्दछ ।*

७) **अन्तर्वार्ता मिति** : संक्षिप्त सूची प्रकाशन संगै तोकिनेछ ।

८) **सेवा सुविधा तथा अन्य** : गाउँकार्यपालिकाले तोके बमोजिम ।

पुनश्च : आवेदनको ढाँचा गाउँपालिकाको वेब साइट www.ichchhakamanamun.gov.np मा उपलब्ध छ र थप जानकारीको लागि यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला ।

**- प्रमुख प्रशासकीय अधिकृत**

## वारेसनामा वदर गरिएको सूचना

नर बहादुर गुरूङको नातिनी, खड्क बहादुर गुरूङको छोरी जिल्ला चितवन फूलवारी गा.पा. वडा नं. १ को हाल भरतपुर म.न.पा.वडा नं.११ वस्ने वर्ष ४६ की गंगा गुरूङ (ना.प्र.न.६८६/०३४, मिति २०७४।०९।०८ चितवन) को नाउँमा रहेको चितवन मालपोत कार्यालय भरतपुरमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला चितवन भरतपुर १/क कि.नं ९९४७ को क्षेत्रफल ३५८.६५ व.मी पूरै कित्ता जग्गा विक्री गर्नु परेकोमा म रोजगारीको सिलसिलामा विदेश जानुपरेको हुँदा भनेको समयमा सम्वन्धित मा.पो.का.मा उपस्थित हुन नसक्ने नभ्याउने भएकाले मेरो सट्टामा ऐनले अधिकृत वारेश दिन हुने मानिस खड्क बहादुर गुरूङको नाति, ओम बहादुर गुरूङको छोरा जिल्ला चितवन भरतपुर उ.म.न.पा.वडा .नं. १९ परिवर्तित भरतपुर म.न.पा. १५ वस्ने वर्ष २४ को बिबेक गुरूङ (ना.प्र.नं.३५–०१–७२–११९७० मिति २०७२।१२।०४ चितवन) लाई देवानी संहिता २०७४ को दफा १५३ नं वमोजिम मिति २०७९ कार्तिक १६ गते दिइएको वारिसनामा यसै सूचनामार्फत बदर गरिएको छ ।

स्यरपोर्टको लागि सेक्युरिटीहरुलाई अवसर




चितवन सम्पर्क :- ०५६ ४९४३६९ / ९८५५०५८३६९ /९८०७१४४९७०

चितवनआज
निरन्तर खोज, निरन्तर समाचार
www.chitwanaaja.com
स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै समाचारका लागि हामीसँग जोडिनुहोस् ।
विज्ञापन प्रशारण गर्नुपरेमा तथा मिडियाको सहयोग चाहिएमा सम्पर्क गर्नुहोस् ।
९८५५०७७२६२, ९८४६९२३८४९
chitwanaaja@gmail.com

Pro. Rajendra Chaudhary
AC POWER SOLUTION
Sangam Road, Bharatpur-3, Narayangarh, Chitwan
Mob : 9845248098, 9861480311
acpowersolution2069@gmail.com, www.acpowersolution2069.com
Servo Stabillizers, Stabillzer, Transformer, Isolation Transformer Invertors, A.C. & D.C. Drivers, Battery Chargers, Rectifiers, Dimmers, Power Suppliers & U.P.S. etc.

फान: ३००९७३१६७
Hong Kong मा खानेकुराहरू सस्तोमा पठाईन्छ ।
शंकरसिंह गुरुङ
मो.: ९८४६३०५०८७, ९८११८७१५३०
फोन: ०५६-५९०५९१
साझा कुरियर एण्ड कार्गो प्रा. लि.
शहीदचोक, पिया मार्केट, नारायणगढ (सन्तो फर्माको पछाडी)
DHL, FedEx, aramex
अब विदेशमा DHL बाट सस्तोमा चिठी, पार्सल कुरियर गर्नु परेमा हामीलाई सम्झनु होला ।

श्री राम पार्टी प्यालेस
एण्ड नव दुर्गा पार्टी प्यालेस
गैडाकोट-२ नवलपरासी
कन्टिनेन्टल बोर्डिङ स्कूलसँगै

HOTEL HAPPY HOME
Kamalnagar, Narayangarh, Chitwan |Tel : 056-596239
Room | Food | Bar
(स्तरीय सुविधासम्पन्न रूमहरू तथा नारायणगढमै सदाबहार थारू खानाका परिकारहरू छानी छानी खान पाइने एक मात्र ठाउँ)

प्राइभेट SEE +2 मा भर्ना
ग्रेडिङ सिस्टम अनुसार कक्षा ७, ८, ९ र १० फेल भएका वा बीचमै पढाइ छाडेकाले घरमै बसी स्वअध्ययन गरेर वा नियमित कक्षा लिएर SEE/SLC, +2 100% पास गर्न हामीलाई सम्झनुहोस् ।
रेगुलर कक्षा ११/१२ मा भर्ना भई सजिलै पास गर्न सकिने
विगतमा सतप्रतिशत नतिजा ल्याउन सफल एक मात्र गन्तव्य
सम्पर्क : भरतपुर ओपन स्कुल
भरतपुर ओरालो, चितवन (आँखा अस्पतालअगाडि)
फोन नं. ०५६-४९३८५५, ९८६९६७३५३९

सुवर्ण अवसर

घर घडेरीहरू सरल मासिक किस्ताबन्दीमा ३०% बुझाएर बाँकी रकम ७ वर्ष सरल किस्ताबन्दीमा उपलब्ध छन् ।
**१. हरिहर कोलोनी** : रत्ननगर टाँडीबाट ४ कि.मी. उत्तर शक्तिखोर जाने पिठुवा दोबाटोसँगै वडा न. १६ मा रु. ३५ लाखको दश धुरमा बनेको ४ कोठाको घर रु. १५ लाख बुझाई बाँकी ७ वर्ष घरमा बसेर किस्ता बुझाउन सकिने ।
**२. रत्ननगर आवास क्षेत्र** : रत्ननगर बकुल्लर टाँडीबाट २ कि.मी. उत्तरतर्फ आवासीय क्षेत्रमा वडा न. १० रु. ७० लाखको १३ धुरमा कम्पाउण्डसहित बनेको ३ कोठाको RCC घर रु. २५ लाख बुझाई बाँकी सरल किस्ताबन्दीमा बिक्रीमा छ ।
**३. बाह्रघरे अनन्त कोलोनी** : शहीदचोक पुल्चोकबाट ३ कि.मी. दक्षिण गंगोत्री चोकबाट पश्चिमतर्फको ४ कोठाको ९" इन्चको ईँटाको पर्खाल, २६ गेजको जस्ताको छाना र फल्ससिलिङ्ग लगाई पूर्ण तयारी भएको ६ धुरदेखि ७ धुरमा बनेको कम्पाउण्डसहितको घरहरू रु. ५५ लाखदेखि ६५ लाखसम्मको रु.२० लाख बुझाई बाँकी ७ वर्षको सरल किस्ताबन्दीमा बिक्रीमा छ ।
**४. आनन्द कोलोनी** : भरतपुर वडा न. ९ राजमार्ग आस्थाचोकबाट २ कि.मी.को पिच बाटोमा आवासीय कोलोनीमा आधुनिक २१/२ तल्लाको RCC घरहरू सुलभ किस्ताबन्दीमा बिक्रीमा छ ।
साथै उपरोक्त क्षेत्रमा घडेरीहरूको साथै भरतपुर–११ मा ६.५० धुर, पदमपुर, चनौली, खैरहनी, सौराहाचोक टाँडीमा पनि प्लटिङको घडेरीहरू बिक्रीमा छ ।
सम्पर्क
गंगा प्रा.लि. हाउजिङ
शहीदचोक, नारायणगढ, ९८५५०५६०२५, ९८०२९५६०४०, ९८०२९५६०७१

प्लटिङ्ग गर्न मिल्ने आवासिय जमिन विक्रिमा
चितवन को भरतपुर महानगरपालिका अर्न्तगत सिताराम चोक,सि.एम.सि. हस्पिटल होस्टल शान्तीचोक सगैको प्लटिङ्ग गर्न मिल्ने आवासिय जमिनको साथै रत्ननगर नगरपालिका शान्ती चोक, टाँडी बजार सगै स्कुल, कलेज, उद्योग, नर्सिङ्गहोम, टेक्निकल कलेज, ट्रेनिङ्ग इन्स्टीच्युट संचालन गर्न व्यवसायलाई उपयुक्त हुने ९,००० वर्गफिट क्षेत्रफल भएको भवन सहित ९ कठ्ठा जग्गा बिक्री तथा भाडामा छ ।
साथै प्लटिङ्ग घडेरी हरु बिक्रिमा
प्रेमबस्ती आवासिय क्षेत्र (प्रेमबस्ती स्कूल पछाडी) | वारहघरे आवासिय क्षेत्र (पुलचोक बाट ३ कि.मि. दक्षिण) | गैडाकोट आवास क्षेत्र | प्रेमबस्ती साईकल लेन (साईकल लेनको मुख्य बाटो)
रत्ननगर टाडी (र.न.पा. ३ विधुतचोक पछाडी) | आनन्द कोलोनी (भरतपुर ९, राजमार्ग नजीक) | बेलचोक आवासिय क्षेत्र (भरतपुर ३ बेलचोक मुख्य बाटोमा) | पिठुवा आवास क्षेत्र (र.न.पा. १४ डुडीचोक सँगै)
सम्पर्क ९८५५०५९८५३, ९८०२९५६०३३

नारायणगढ-दिल्ली-नारायणगढ
सिधा दैनिक A/C बस नारायणगढदेखि दिल्ली सरोजिनी नगर हुँदै मजनुकाटिल्लासम्म जानको लागि हामीलाई सम्पर्क गर्नुहोला ।
हाम्रा सेवाहरू : दिल्लीमा होटल व्यवस्था, हस्पिटलबारे जानकारी, एम्बेसीबारे सम्पूर्ण जानकारी साथै सल्लाह, सुझाव र सहयोग गरिनेछ ।
राजथला टुर्स एण्ड ट्राभल्स प्रा.लि.
भरतपुर–१ नारायणी नदी किनार (जेसिस पार्टी प्यालेसको अपोजिट विल्डिङको पहिलो तलामा)
फोन नं. ०५६-५९५७९७, ५९५०६१ मोबाइल नं.: ९८६५१६४०९९, ९८०१०६४०९९, ९८५५०५४९१२

नेपाल सुनचाँदी व्यवसायी संघ नारायणगढ

### हिजोको सुनचाँदी भाउ

| | दर प्रति तोला |
|---|---|
| छापावाला | रु. ११२१०० ।– |
| तेजावी | रु. १११८०० ।– |
| असली चाँदी | रु.१४४५।– |

सौजन्य: हरेराम हरेकृष्ण सुनचाँदी पसल, मिलनरोड नारायणगढ, फोन: ५२०५७३ (एक तोलामा ११.६६४ ग्राम हुन्छ)

## आजको राशीफल

ज्यो.भुपेन्द्रराज घिमिरे मो. ९८५५०५६१८०

| | |
|---|---|
| मेष : सामान्य खटपटको सम्भावना छ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । | तुला : आर्थिक लाभ, न्यायिक क्षेत्रमा सफल, वैदेशिक क्षेत्रबाट लाभ हुनेछ । |
| वृष : अरूलाई प्रभावित पारेर काम बन्नेछ, साथीभाइ र आफन्तबाट सहयोग मिल्नेछ । | बृश्चिक : हल्लाको भर पर्दा दुःख पाइनेछ, धार्मिक एवं सामाजिक कार्यमा रुचि बढ्नेछ । |
| मिथुन : लक्ष्मीको कृपाले धन लाभ हुनेछ, आँखा तथा घाँटीमा समस्या देखिन सक्नेछ । | धनु : स्वास्थ्यमा गडबडीको सम्भावना छ, कार्यमा केही चुनौती देखा पर्न सक्नेछ । |
| कर्कट : स्फूर्ति बढ्नेछ, भाग्योदयको योग छ, अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । | मकर : पारिवारिक सद्भाव बढ्नेछ, इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ । |
| सिंह : खर्चमा वृद्धि होला, वादविवाद तथा झमेला परिनसक्ने दिन रहेको छ । | कुम्भ : रोकिएर बसेको काम पूरा होला, उद्योग, व्यापार व्यवसायमा सन्तुष्टि मिल्नेछ । |
| कन्या : मनोरञ्जनमा सहभागी भइनेछ, व्यापार व्यवसायमा वृद्धि हुनेछ । | मीन : आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ, प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । |

नमस्ते शुभविहानी यहाँहरूको दिनचर्या सुखद रहोस् !

ज्योतिष सम्बन्धी कार्य गर्नुपरेमा ...
हस्त लिखित एवं कम्प्युटरको माध्यमबाट चिनाकुण्डली बनाउने र हेराउने साथसाथै घरघडेरीको माटो हेर्ने, गृह निर्माण, वास्तुसम्बन्धी परामर्श, वैवाहिक जीवनमा आइपर्ने समस्या, शिक्षा, स्वास्थ्य, रोजगारी अनि वैदेशिक यात्रा लगायत ग्रह, लग्न, राशीअनुसार औंठी रत्न, यन्त्र धारण गर्न, ग्रह शान्ति एवं सम्पूर्ण ज्योतिषीय उपचार र परामर्शका लागि–
सम्पर्क : ज्यो. भुपेन्द्र राज घिमिरे
राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मानद्वारा विभूषित गोल्डमेडालिष्ट, केन्द्रीय सदस्य नेपाल ज्योतिष परिषद् एवं विश्व ज्योतिष महासंघ अन्तर्राष्ट्रिय समिति भरतपुर –०९, मिलनचोक, चितवन, मो.९८५५०५६१८०